सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१३ फागुन २०८०, आइतबार (25 Feb 2024, Sunday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३०७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

रुसी सेनामा कार्यरत १६ नेपालीको मृत्यु

तीनको मस्कोमा दाहसंस्कार



रुसमा ज्यान गुमाएका १६ नेपालीप्रति श्रद्धाञ्जली अर्पण गर्दै परिवारजनले शनिबार पशुपति भष्मेश्वरघाटमा गरेको दीप प्रज्वलन । तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

● **कन्सुलर सेवा विभागका महानिर्देशक प्रकाशमणि पौडेल भन्छन्-**



परिवारले सहमति दिएपछि रुसले सैनिक सम्मानसाथ तीनजनाको अन्तिम संस्कार गरेको जानकारी आएको छ। परिवारको सहमति लिएर बाँकी शवको पनि अन्तिम संस्कार गर्ने र अस्तु पठाउने भन्ने जानकारी पाएका छौं।

पर्शुराम काफ्ले/नयाँ पत्रिका

सरकारले रुसी सेनामा कार्यरत नेपालीमध्ये हालसम्म १६ जनाको मृत्यु भएको पुष्टि भएको छ। सरकारले १० जनाको मृत्यु भएको विवरण सार्वजनिक गरेका वेला परिवारजनले भने रुसबाटै पाएको मृत्युको सूचनाका आधारमा हालसम्म १६ जना आफन्तको काजक्रिया गरेका छन्। परिवारजनले १६ जना मृतकको सम्मानमा पशुपतिनाथ भष्मेश्वरघाटमा द्वीप प्रज्वलनसमेत गरेका छन्।

सरकारले गोरखाका सन्दीप थपलिया, कपिलवस्तुका रूपक कार्की, कास्कीका देवान राई, स्याङ्जाका पितम कार्की, दोलखाका राजकुमार रोका, इलामका गंगाराज मोक्तान, दार्चुलाका कुन्दन सिंह नागल, स्याङ्जाका हरिप्रसाद अर्याल, कैलालीका भरबहादुर शाह र धादिङका राजकुमार गिरीको मृत्यु पुष्टि गरेको छ। रुसी कूटनीतिक च्यानलबाट यो विवरण प्राप्त भएको परराष्ट्र मन्त्रालयले जनाएको छ।

परिवारजनको सूचनाअनुसार थप ६ जनाको मृत्यु पुष्टि भएपछि काजक्रिया नै भइसकेको छ। लमजुङका साजन गुरुङ र सन्तोष गुरुङ, धादिङका पूर्णबहादुर गुरुङ, बाँकेका सञ्जय केसी, दाङका जितबहादुर पुन र रसुवाका सुन्दर मोक्तानको पनि रुस युक्रेन युद्धमा ज्यान गएको परिवारजनले जनाएका छन्।

'अहिलेसम्म १६ जना नेपालीका परिवारजनले आफन्तजनको काजक्रिया गरिसक्नुभएको छ। तर, थप नेपालीहरूको मृत्यु भएको आशंका छ, पुष्टि हुन बाँकी छ,' पीडित परिवार तथा नागरिकको जीवन रक्षाका लागि सचेतना अभियानकी संयोजक कृतु भण्डारीले नयाँ पत्रिकासँग भनिन्। भण्डारीले नेपालमा पीडित

» पृष्ठ २ मा क्रमशः

प्रधानसेनापतिको आग्रह- रुसी सेनामा भर्ती हुन नजानू



नेपाली सेनाका प्रधानसेनापति प्रभुराम शर्माले नेपाली युवाहरूलाई रुसी सेनामा भर्ती हुन नजान आग्रह गरेका छन्। शनिबार पूर्वी नवलपरासीको कावासोती हात्तीखोरस्थित राष्ट्रिय सेवा दल मध्य तालिम शिक्षालयमा सञ्चालित १८औँ ब्याच सिनियर डिभिजन एनसिसी तालिमको चौथो चरणको दीक्षान्त कवाजलाई सम्बोधन गर्दै उनले यस्तो आग्रह गरेका हुन्। 'विदेशी सेनामा कुनै पनि हालतमा नजानुहोला। रुसमा के भइरहेको छ भन्ने कुरा हामीले बुझेका छौं। त्यस्ता क्रियाकलापमा नलाग्न विशेष आग्रह गर्न चाहन्छु,' उनले भने। युवाहरूलाई सकारात्मक सोच लिई आफ्नो लक्ष्य प्राप्तिका लागि कर्म गर्न उनले सल्लाह दिए।


यकिन भएको छैन क्षतिपूर्तिको रकम

रुसले मस्कोस्थित नेपाली राजदूतावासमार्फत परिवारलाई क्षतिपूर्ति पठाउन तयार भएपछि परराष्ट्र मन्त्रालयले मृतकहरूको दस्ताबेजीकरण गरेर रुस सरकारलाई जानकारी पठाउन लागेको छ। तर, रुसले के-कति रकम क्षतिपूर्तिबापत दिन्छ भन्ने यकिन भएको छैन। परराष्ट्र मन्त्रालयका प्रवक्ता अमृतबहादुर राईले भर्ती गर्ने वेलामा हस्ताक्षरित करार सम्झौताका आधारमा क्षतिपूर्ति दिने रुसले वचनबद्धता जनाएको बताए। 'करार सम्झौताका आधारमा क्षतिपूर्ति दिने भन्ने छ, यसमा नेपाल सरकार सकारात्मक छ भनेका छौं,' प्रवक्ता राईले नयाँ पत्रिकासँग भने।

एकै वर्ष ३० अर्ब बेरुजु

अघिल्लो वर्षको तुलनामा साढे ५ प्रतिशतले बढी, म्याद नाघेको पेस्की बेरुजु मात्रै २५ अर्ब

■ **कुन वर्ष कति बेरुजु ?**



पेस्की बेरुजु धेरै देखिनु गम्भीर हो



● **भानुप्रसाद आचार्य,** पूर्वमहालेखापरीक्षक

बेरुजु बढ्नु भनेको अनियमित किसिमको खर्च बढ्यो, खर्च गर्ने क्रममा नियमको परिपालना भएन, जवाफदेहिता, पारदर्शिता र इमानदारिता भएन भन्ने हो। यसर्थ, बेरुजु बढ्नु भनेको वित्तीय अनुशासन पालना भएन भनेर बुझ्नुपर्छ। यद्यपि, कहिलेकाहीं सम्परीक्षण समयमा नहुँदा पनि बेरुजु बढेको देखिन्छ। जहाँसम्म पेस्की बेरुजु अधिक देखिएको छ, यो गम्भीर हो। सरकारी पैसा लिएर समयमै तोकिएको काम भएन र पैसा फिर्ता भएन भने त्यो पेस्की बेरुजु देखिने हो। पेस्की दिएपछि काम भयो-भएन भनेर पनि हेर्नुपर्छ। सबैखाले बेरुजु न्यूनीकरणका लागि सम्बन्धित व्यक्ति, निकाय र सरकार गम्भीर बन्नुपर्छ।

कृष्ण रिजाल/नयाँ पत्रिका

आर्थिक अनुशासन तथा वित्तीय उत्तरदायित्वमा जोड दिने सरकारको नीतिविपरीत बेरुजु बढेकोबढ्यै छ। आर्थिक वर्ष ०७९/८० मा बेरुजु ५.४३ प्रतिशतले बढेर ३० अर्ब चार करोड ४ लाख पुगेको छ। जुन ०७८/७९ मा २८ अर्ब ४९ करोड ३५ लाख थियो। म्याद नाघेको पेस्की बेरुजु मात्रै २४ अर्ब ७३ करोड २७ लाख पुगेको छ। जुन अघिल्लो आवको तुलनामा ३७.६८ प्रतिशतले बढेको छ।

» पृष्ठ २ मा क्रमशः

०७९/८० मा आन्तरिक लेखापरीक्षकबाट देखिएको बेरुजु

कुल बेरुजु : **३० अर्ब ४ करोड ४ लाख**

असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	म्याद नाघेको पेस्की
३७ करोड ६३ लाख (१.२५%)	४ अर्ब ९३ करोड १३ लाख (१६.४२%)	२४ अर्ब ७३ करोड २७ लाख (८२.३३%)

बढी बेरुजु भएका पाँच केन्द्रीय निकाय

■ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

कुल बेरुजु : **८ अर्ब ७२ करोड ६८ लाख १६ हजार**

असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	म्याद नाघेको पेस्की
८ करोड ६१ लाख ७९ हजार	८१ करोड ७ लाख ५ हजार	७ अर्ब ८२ करोड ९९ लाख ३२ हजार

■ गृह मन्त्रालय

कुल बेरुजु : **३ अर्ब ९० करोड ६८ लाख ५ हजार**

असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	म्याद नाघेको पेस्की
३ करोड १० लाख ६० हजार	४ करोड ३ लाख २३ हजार	३ अर्ब ८३ करोड ५४ लाख २३ हजार

■ सहरी विकास मन्त्रालय

कुल बेरुजु : **३ अर्ब १६ करोड ८१ लाख १० हजार**

असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	म्याद नाघेको पेस्की
२ करोड २८ लाख	१८ करोड ८६ लाख ६३ हजार	२ अर्ब ९५ करोड ६६ लाख ४६ हजार

■ रक्षा मन्त्रालय

कुल बेरुजु : **२ अर्ब १७ करोड ६३ लाख ७० हजार**

असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	म्याद नाघेको पेस्की
-	११ करोड ४५ लाख ४९ हजार	२ अर्ब ६ करोड १८ लाख २० हजार

■ ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

कुल बेरुजु : **१ अर्ब ३९ करोड ८६ लाख २६ हजार**

असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	म्याद नाघेको पेस्की
६८ करोड ७३ लाख	२० करोड ९५ लाख ३५ हजार	१ अर्ब १८ करोड २२ लाख १७ हजार

बेरुजु देखिनुका एक दर्जनभन्दा धेरै कारण

बिलभन्दा बढी भुक्तानीदेखि समयमा पेस्की फर्स्योट नगरेकोसम्म

आन्तरिक लेखापरीक्षण प्रतिवेदनले बेरुजु देखिनुका एक दर्जनभन्दा धेरै कारण औंल्याएको छ। बिलभन्दा बढी भुक्तानी गरेको, बढी तलब तथा ग्रेड भुक्तानी भएको, शीर्षक फरक पारी खर्च लेखेको, ढिलो भुक्तानी गरी जरिवाना तिरेको, सरकारी सम्पत्ति तथा जिन्सी मालसामानको निरीक्षण गरी लिलाम बिक्री प्रक्रिया अवलम्बन नगरेकोलगायत कारण प्रतिवेदनले उल्लेख गरेको छ। त्यस्तै, भुक्तानी दिन बाँकी खाता तथा कच्चावारी प्रमाणित नगरी भुक्तानी दिएको, नियमअनुसार लाग्ने कर कट्टा नगरेको, भेरिएसन परिमाणको प्राविधिक पुस्ट्याइँ र कारण पेस नगरी रकम भुक्तानी गरेको, समयमा पेस्की फर्स्योट नगरेको, आवश्यक बिल, भर्पाई, कागजात, प्रमाणबेगर भुक्तानी गरेको, लागत अनुमानबेगर कन्टिन्जेन्सी खर्च गरेको, प्रचलित नर्म्सविपरीत भुक्तानी गरेको, आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा नभएको, कर्मचारीहरूको करयोग्य आयमा पारिश्रमिक कर कट्टी नगरेको, करारमा कार्यरत कर्मचारीलाई अन्य सेवा शुल्कबाट भुक्तानी दिनुपर्नेमा तलबबाट खर्च लेखेकोलगायत कारण बेरुजु देखिएको प्रतिवेदनले औंल्याएको छ।

पेस्की रकमको म्याद नाघे वार्षिक १०% ब्याज लाग्ने व्यवस्था

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले तोकिएको म्यादभित्र काम पूरा नभई पेस्की बाँकी रहेमा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतले ब्याज लाग्ने व्यवस्था गरेको छ। त्यस्तै, कुनै सरकारी कार्यालयले मालसामान खरिद गर्न, सेवा उपलब्ध गर्न वा निर्माणसम्बन्धी कामका लागि कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई पेस्की दिँदा यस नियमावलीबमोजिम बैंक ग्यारेन्टी लिनुपर्ने हुन्छ। कबुलियतनामाको सर्तअनुसार दिइने पेस्की र भ्रमणका लागि दिइने पेस्कीबाहेक चालू आर्थिक वर्षको अन्त्यसम्ममा नफर्किने गरी कुनै पेस्की दिन नहुने कानुनी व्यवस्था छ।

कारोबारमा संलग्न पदाधिकारीबाटै पनि बेरुजु असुलउपर गर्नुपर्ने ऐनको व्यवस्था

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले कारोबारमा संलग्नबाट बेरुजु असुलउपर गर्नुपर्ने व्यवस्था पनि गरेको छ। 'बेरुजु कायम हुने गरी आर्थिक कारोबार गर्ने पदाधिकारी र कारोबारमा संलग्न व्यक्तिबाट असुल गर्नुपर्ने देखिएमा असुलउपर गर्न वा गराउन लगाई बेरुजु फर्स्योट गर्नु-गराउनुपर्नेछ,' ऐनको दफा ३९ मा उल्लेख छ। जानाजान वा लापरबाहीसाथ कारोबार गरी हानि-नोक्सानी भएको देखिएमा त्यस्तो बेरुजु रकम सम्बन्धित जिम्मेवार अधिकारीबाट असुलउपर गर्नुपर्ने व्यवस्था ऐनमा छ।

■ संयोजक फेरिएपछि समाजवादी मोर्चा सक्रिय

एमालेसहित सबै वामपन्थी पार्टीलाई मोर्चामा आबद्ध हुन पत्राचार गर्ने निर्णय

प्रेम गौतम/नयाँ पत्रिका

संयोजक हेरफेरलगत्तै समाजवादी मोर्चाले थप धुव्रीकरणको प्रयास थालेको छ। प्रधानमन्त्रीनिवास बालुवाटारमा संयोजक नेत्रविक्रम चन्द विप्लवको अध्यक्षतामा शनिबार बसेको बैठकमा एमालेसहित सबै वामपन्थी पार्टीलाई मोर्चामा आबद्ध हुन पत्राचार गर्ने निर्णय भएको छ। ४ असारमा घोषणा भएको मोर्चामा माओवादी, एकीकृत समाजवादी, जसपा र विप्लव नेतृत्वको नेकपा छन्।

आलोपालो प्रणालीअनुसार नेकपा समाजवादीका अध्यक्ष माधव नेपालले केही दिनअगाडि मात्रै मोर्चाको संयोजक विप्लवलाई हस्तान्तरण गरेका थिए। त्यसलगत्तै मोर्चामा आबद्ध हुन वामपन्थी दलहरूलाई पत्राचार गर्ने निर्णय भएको छ। 'सबै वामपन्थी पार्टीसँग मोर्चा विस्तारबारे छलफल गर्ने नीतिगत कुरा छ। हामी छलफल गर्दै अगाडि बढ्छौं,' विप्लवले नयाँ पत्रिकासँग भने, 'समाजवादी विचारधारा राख्ने दलहरूबीच विश्वाससहितको सहकार्य चाहिन्छ। व्यापक समाजवादी आन्दोलनको

» पृष्ठ २ मा क्रमशः



● **नेत्रविक्रम चन्द विप्लव**
संयोजक, समाजवादी मोर्चा

सबै वामपन्थी पार्टीसँग मोर्चा विस्तारबारे छलफल गर्ने नीतिगत कुरा छ। हामी छलफल गर्दै अगाडि बढ्छौं। समाजवादी विचारधारा राख्ने दलबीच विश्वाससहितको सहकार्य चाहिन्छ। व्यापक समाजवादी आन्दोलनको आवश्यकता छ। त्यो दिशामा हामी अगाडि बढ्दै छौं।



● **मोहनविक्रम सिंह,** महामन्त्री, नेकपा मसाल

वामपन्थीहरू मिलेर जानुपर्छ। मोर्चामा आबद्ध हुनेबारे औपचारिक छलफल भएको छैन। अनौपचारिक छलफल भएको छ। मोर्चाको कार्यक्रममा हामी जान्छौं।



● **अष्टलक्ष्मी शाक्य,** उपाध्यक्ष, एमाले

देशको समृद्धिको खाका कोर्नुपर्नेछ, आर्थिक, सामाजिक, सांस्कृतिक रूपान्तरण गर्नुपर्नेछ। यस्तो वेलामा एकताको गफ दिएर मात्रै हुँदैन। लक्ष्य एउटै छ, अलिकति कार्यनीति र शैली फरक होला, त्यसकारण मिलेर जानुको विकल्प छैन। संकीर्णताका कारण मिल्न गाह्रो भयो। देश बनाउने वेलामा हामी किन मिल्न सकेनौं भनेर सोच्नुपर्छ। मिलेर अगाडि नबढी देश बन्दैन।

एक लाख फर्जी सवारी लाइसेन्स प्रकरण

अख्तियार र सिआइबीको छानबिन सुस्त

नयाँ पत्रिका

लिखित र ट्रायलविनै वितरण एक लाखभन्दा बढी सवारीचालक अनुमतिपत्र (लाइसेन्स) प्रकरणमा छानबिन सुस्त देखिएको छ। खास गरेर अख्तियार दुरुपयोग अनुसन्धान आयोग र नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले छानबिनमा 'आवश्यक' अग्रसरता देखाएका छैनन्।

यातायात व्यवस्था विभागले फर्जी लाइसेन्स जारी भएको यकिन गरेर विवरणसहित थप छानबिन तथा कारबाहीका लागि नियमनकारी निकायलाई पत्राचार गरेको एक महिना पुग्न लागेको छ। तर, सम्बन्धित निकायबाट परिणामउन्मुख कारबाही देखिएको छैन।

ठूलो परिमाणमा फर्जी सवारी लाइसेन्स जारी भएको विवरणसहित विभागले थप छानबिनका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसहित अख्तियार र सिआइबीलाई पत्राचार गरेको थियो। मन्त्रालयले सामान्य रूपमा प्रतिवेदन तयार गरेर अख्तियार पठाइसकेको छ। अख्तियारको छानबिन प्रारम्भिक चरणमै

» पृष्ठ २ मा क्रमशः



■ २९ हजार सवारी लाइसेन्स खारेज

यातायात व्यवस्था विभागले २९ हजार सवारी लाइसेन्स खारेज (इन्भ्यालिड) गरेको छ। लाइसेन्सका विवरणहरू फेरेर जारी गर्ने तयारीमा राखिएका ती लाइसेन्स विभागले खारेज गरेको हो। लाइसेन्समा पहिले नै भरिएका नाम, फोटोलगायतका विवरण फेरेर तयारी अवस्थामा राखिएका ती फर्जी लाइसेन्स विभागले प्रणालीबाटै 'इन्भ्यालिड' गरिदिएको हो।

सरकारको आफूखुसी निर्णय गर्ने प्रवृत्तिप्रति महान्यायाधिवक्ता कार्यालयको असन्तुष्टि

(विस्तृत पृष्ठ ३)

कर्नर किक

● रवि मिश्र



निसानामा बाघ, एक महिनामा तीन मारिए

६ माघमा कैलालीको अमरावती सामुदायिक वनमा, ४ फागुनमा पूर्वी नवलपरासीको मध्यविन्दु नगरपालिकाको अरुणखोला बजारनजिकैको जंगलमा र शनिबार पनि सोही पालिकाको नवदुर्गा सामुदायिक वनमा मृत भेटिए पाटे बाघ

नवलपरासीमा **रामकुमार श्रेष्ठ** र धनगढीमा **तेजराज भट्ट**

नेपालमा संरक्षित क्षेत्रबाहिरका वनजंगलका पाटेबाघ तस्करको निसानामा पर्न थालेका छन्। पछिल्लो एक महिनामा मात्र कैलाली र नवलपरासीमा तीनवटा पाटेबाघ मारिएका छन्। पूर्वी नवलपरासीको मध्यविन्दु नगरपालिका क्षेत्रमा एक साताको अन्तरालमा मात्र दुइटा बाघ मारिएका छन्। मध्यविन्दु-१५ मा रहेको नवदुर्गा सामुदायिक वनमा शनिबार वयस्क भाले पाटेबाघ खाल्टोमा गाडिएको अवस्थाम मृत फेला परेको छ। वनरक्षकले गस्तीका क्रममा खोल्सामा केही वस्तु गाडेकोजस्तो देखेपछि खोतलेर हेर्दा बाघ मारेर गाडिएको अवस्थामा रहेको भेटिएको डिभिजन वन कार्यालय कावासोतीका वनअधिकृत शिशिर लम्सालले बताए। 'बाघ मारेको त प्रस्ट हुन्छ। तर, तस्करले हो वा अरूले नै धराप थापेर मारेका हुन्, यकिन भन्न सक्ने अवस्था छैन। यसको गहन अनुसन्धान हुन्छ,' उनले भने।

यसअघि ४ फागुनमा मध्यविन्दुको अरुणखोला बजारनजिकैको जंगलमा भाले पाटेबाघ मृत फेला परेको थियो। उक्त बाघ विष हालेर मारेको आशंका गरिए पनि पोस्टमार्टम रिपोर्ट विधि विज्ञान प्रयोगशालाबाट अझै आएको छैन। यी दुवै बाघ चितवन

» पृष्ठ २ मा क्रमशः



पूर्वी नवलपरासीको मध्यविन्दु नगरपालिका-१६ स्थित नवदुर्गा सामुदायिक वनमा तस्करले मारेर खाल्डोमा पुरेको अवस्थामा शनिबार फेला परेको भाले पाटे बाघ।

कैलालीमा बाघ मार्नेको पहिचान भएन

कैलालीमा बाघ मार्नेको पहिचान हुन सकेको छैन। सबडिभिजन वन कार्यालय पहलमानपुरका प्रमुख रामविचारी ठाकुरका अनुसार अनुसन्धानका लागि यसअघि प्रशासन र प्रहरीमा पत्राचार गरिएको थियो। अब नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो सिआइबीलाई गुहार्ने तयारी छ। 'पासो लगाइएको अवस्थामा बाघ मृत फेला परेको थियो। अनुसन्धानका लागि सिआइबी र केन्द्रीय वन्यजन्तु अपराध नियन्त्रण एकाइलाई पत्राचार गर्ने तयारी छ।'



अनलाइन प्रणालीले हटायो कन्सुलर विभागको भिड

पर्शुराम काफ्ले/नयाँ पत्रिका

कार्यप्रणालीमा हुने आधारभूत परिवर्तनले सेवाग्राही र सेवा प्रवाह गर्ने कार्यालय दुवैलाई सजिलो हुन्छ भन्ने गतिलो उदाहरण हो- परराष्ट्र मन्त्रालयको कन्सुलर सेवा विभाग । विभागले प्रहरी चारित्रिक प्रमाणपत्र प्रमाणीकरण अनलाइनबाटै दिन थालेपछि सेवाग्राहीको भिड हटेको छ ।

शुक्रबार अपराह्न त्रिपुरेश्वरस्थित विभाग पुग्दा करिब ४० जना सेवाग्राही मात्रै विभाग परिसरमा थिए । प्रहरी प्रमाणपत्र लिने सेवाग्राहीहरूको भौतिक उपस्थिति आवश्यक नपरे पनि अन्य कागजपत्र प्रमाणीकरणका लागि औसत तीन सयजना मात्रै विभाग जाने गरेका छन् । जब कि विगतमा प्रहरी प्रमाणपत्र प्रमाणीकरणका लागि मात्रै दैनिक औसत तीन हजार सेवाग्राही र उनका आफन्त विभाग जाने गरेका थिए ।

सात महिनाअघि (१ साउनदेखि) विभागले प्रहरी चारित्रिक प्रमाणपत्र प्रमाणीकरण अनलाइनबाटै सुरु गरेको हो । प्रहरी प्रमाणपत्रको प्रमाणीकरण (छाप लगाउने कार्य)का लागि विभागमा जानुनपर्ने र आवश्यक कागजात अनलाइनबाटै रुजु गरेर सेवाग्राहीको इमेलमा पठाइदिने व्यवस्था सुरु भयो । त्यसयता सात महिनामा विभागमा सेवाग्राहीको भिड घटेको छ । साउनदेखि माघ मसान्तसम्म दुई लाख ६१ हजार चार सय ४७ जनाले अनलाइन कन्सुलर प्रमाणीकरण सेवा लिएका छन् ।

'अब प्रहरी रिपोर्ट प्रमाणीकरणका लागि अनलाइनबाट आवेदन आउँछ । अनलाइन फाराम रुजु गरेपछि कागजात प्रमाणित गरेर हाम्रो प्रणालीले नै छाप लगाईदिएर सेवाग्राहीको इमेलमा पठाइदिन्छ,' विभागका महानिर्देशक प्रकाशमणि पौडेल भन्छन्, 'सेवाग्राहीलाई इमेलमा कागजपत्र प्राप्त भएको छ । कार्यालयमा भिड घटेको छ । हामीलाई पनि काम गर्न असाध्यै सहज भएको छ ।'

साउनभन्दा पहिला प्रहरी रिपोर्ट प्रमाणीकरणका लागि व्यक्ति स्वयं उपस्थित हुनुपर्ने नियम थियो । 'देशका दूरदराजबाट मात्र नभएर विदेशबाट पनि प्रहरी प्रमाणपत्र बनाउन स्वयं विभागमा उपस्थित हुनुपर्ने अवस्थाले सेवाग्राहीलाई साह्रै मर्का थियो,' महानिर्देशक पौडेल भन्छन्, 'गत साउनदेखि विभागको सिस्टमले नै छाप लगाइदिएर सेवाग्राहीको इमेलमा पठाइदिएको छ । विदेशबाट पनि उहाँहरूले अनलाइनमार्फत प्रहरी प्रमाणपत्र पाउनुहुन्छ । विभागको वेबसाइटबाट अनलाइनमार्फत प्रमाणीकरणका लागि आवेदन दिन सक्नुहुन्छ । नेपालमा कसैले इसेवा वा खल्तीमार्फत राजस्व तिरेको प्रमाण अनलाइनबाटै पेस गरेपछि इमेलमा प्रहरी प्रमाणपत्र प्रमाणीकरण भएको कागजपत्र पुगिहाल्छ ।'

विभागले प्रहरीको सर्भरबाट सेवाग्राहीले पेस गरेको कागजपत्र हेर्न सक्ने प्रणाली विकास गरेको महानिर्देशक पौडेलले जानकारी दिए । आवेदकले विभागको अनलाइन प्रणालीमा बुझाएको कागजपत्रलाई प्रहरी सर्भरमा पहिले बुझाएको कागजपत्रसँग अनलाइनबाटै भेरिफाई गर्न सकिने हुनाले सेवाग्राहीले दोहोरो फाराम पनि भर्नुपर्दैन ।

राजस्व भुक्तानी पनि अनलाइनमार्फत नै गर्न सकिनेछ । 'अनलाइन फाराममा आवश्यक कागजात (डकुमेन्ट) संलग्न गरेर भरेपछि अनलाइन प्रणालीले नै स्वीकृत गरेर कागजातमा छाप लगाइदिन्छ । सेवाग्राहीले इमेलमा कागजात पाउँछन्,' महानिर्देशक पौडेल भन्छन्, 'कार्यालय समय सकिने वेलामा आएको फारामलाई हेरेर भोलिपल्ट यथाशीघ्र सिस्टमले पठाइदिने व्यवस्था छ । वेलैमा आएका फारामका आधारमा त्यही दिन प्रमाणीकरण गरिदिन्छौं ।'

परराष्ट्रमन्त्री एनपी साउदले केही दिनअघिको भेटमा विभागमा पाँच लाखभन्दा कम मूल्यको सफ्टवेयरबाट यी सबै काम गराएको जानकारी दिएका थिए । महानिर्देशक पौडेलले यसबारे गत वैशाखतिरै परराष्ट्रमन्त्रीलाई ब्रिफिङ गरेका थिए । पौडेलका अनुसार तीन महिनाको तयारीमा अनलाइन प्रणाली लागू भएको थियो ।

'यसले सरकारलाई प्राप्त हुने राजस्व घटेको छैन । साउनदेखि माघ मसान्तसम्म १८ करोड ७० लाख ४३ हजार पाँचसय रुपैयाँ राजस्व संकलन भएको छ । मुख्यतया, प्रहरी रिपोर्टको प्रमाणीकरण गर्न (कन्सुलरको छाप लगाउन) आउनेहरूको भिड हुन्थ्यो । दैनिक तीन हजार सेवाग्राही र उनीहरूका साथीभाइ वा आफन्त आउँदा कार्यालयको कम्पाउन्ड भरिभराउ हुन्थ्यो । अहिले यो काम अनलाइनबाटै भएपछि भिड घटेको छ ।'

अन्य कागजात प्रमाणीकरणलगायतको काममा औसत दैनिक तीन सयजना सेवाग्राही पुग्ने गरेको र उनीहरूको काम बढीमा डेढ घन्टाभित्र सकेर पठाइदिने गरेको महानिर्देशक पौडेलको भनाइ छ । साउनदेखि माघ मसान्तसम्म दुई लाख ६१ हजार चार सय ४७ जनाले अनलाइन कन्सुलर प्रमाणीकरण सेवा लिएका छन् । यीमध्ये सात महिनामा कार्यालयमै पुगेर ५९ हजार आठ सय ८८ जनाले सेवा लिएका छन् । साउनदेखि माघसम्म तीन लाख ७१ हजार कागजात प्रमाणीकरण भएको विभागको तथ्यांक छ ।

एकै वर्ष...

पृष्ठ १ बाट क्रमशः

सरकारले कुनै आयोजना तथा कामका लागि पेस्की दिएको तर तोकेको समयमा काम नगरेको र पेस्कीबापतको रकम फिर्ता पनि नलिएको बेरुजु म्याद नाघेको पेस्की बेरुजु हो ।

आन्तरिक लेखापरीक्षण प्रतिवेदनअनुसार ०७९/८० मा १० खर्ब १० अर्ब ६५ करोड राजस्व उठेको थियो, जसमा तीन करोड बेरुजु देखिएको छ । धरौटीतर्फ ७३ अर्ब ७७ करोडमध्ये १२ करोड २६ लाख बेरुजु देखिएको छ । त्यस्तै, कार्य सञ्चालन कोष तथा विविधि खर्चअन्तर्गत ४७ अर्ब ६६ करोडमध्ये ३२ करोड बेरुजु देखिएको छ ।

पूर्वमहालेखा परीक्षक भानुप्रसाद आचार्यले वित्तीय अनुशासन, पारदर्शिता र जवाफदेहिता नहुँदा बेरुजु बढ्ने बताए । 'कारोबार बढ्दै जाँदा बेरुजुको दर पनि बढ्न सक्छ । त्यसको सम्परीक्षणसमेत गरेर समयमै फर्स्योट गर्नुपर्छ,' उनले भने, 'सम्बन्धित व्यक्ति, निकाय र सरकार गम्भीर हुने हो भने बेरुजु न्यूनीकरण गर्न सकिन्छ ।' आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २ ले प्रचलित कानुनबमोजिम रित नपुऱ्याई कारोबार गरेको, लेखा नराखेको तथा अनियमित वा बेमनासिव तरिकाले गरेको आर्थिक कारोबारलाई बेरुजु मानिन्छ ।

नियमित गर्नुपर्ने बेरुजु चार अर्ब ९३ करोड १३ लाख र असुल गर्नुपर्ने ३७ करोड ६३ लाख रहेको छ । अघिल्लो आवको तुलनामा असुल गर्नुपर्ने र नियमित गर्नुपर्ने बेरुजु भने क्रमशः ४७.५९ र ६६.४० प्रतिशतले घटेको छ । कुल बेरुजुमा म्याद नाघेको पेस्कीको हिस्सा ८२.३३ प्रतिशत, नियमित गर्नुपर्ने १६.४२ प्रतिशत र असुल गर्नुपर्ने १.२५ प्रतिशत छ । प्रचलित ऐन नियमले निर्धारित अधिकार र सीमा नाघेर भएको, रीत नपुऱ्याई गरेको वा विनियोजन रकम अन्यत्र गरेको खर्चलाई अनियमित खर्च भनिन्छ ।

आन्तरिक लेखापरीक्षणले हरेक वर्ष सरकारको कारोबार र बेरुजुको हिसाब निकाल्छ । यसलाई बेरुजुको प्रारम्भिक रिपोर्टको रुपमा हेरिन्छ । अघिल्ला वर्षहरूसमेतको बेरुजुलाई जोडेर महालेखा परीक्षकको कार्यालयले समग्रमा बेरुजुको अन्तिम प्रतिवेदन तयार गर्छ ।

एमालेसहित...

पृष्ठ १ बाट क्रमशः

आवश्यकता छ । त्यो दिशामा हामी अगाडि बढ्दै छौं ।'

नेकपा मसाललाई तत्काल मोर्चामा सहभागी गराउने तयारी रहेको छ । मसालसँग छिट्टै औपचारिक छलफल गर्ने मोर्चाका एक नेताले बताए । ती नेताका अनुसार मसाललाई केही दिनमै छलफलका लागि पत्राचार हुनेछ । मसालसँग मोर्चाका नेताको अनौपचारिक छलफल भने हुँदै आएको छ ।

मसालका साथै एमाले, नेकपा क्रान्तिकारी माओवादी, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी, नेपाल कम्युनिस्ट पार्टीलगायत सबै वामपन्थी पार्टीसँग छलफल गर्ने मोर्चाको तयारी छ । 'समाजवादमा पुग्न कम्युनिस्ट शक्ति एकताबद्ध हुन आवश्यक छ,' ती नेताले भने । नेकपा मसालका महामन्त्री मोहनविक्रम सिंहले वामपन्थीहरू मिलेर जान आवश्यक रहेको बताए । उनले समाजवादी मोर्चामा आबद्ध हुनेबारे भने औपचारिक छलफल भइनसकेको बताए । 'वामपन्थीहरू मिलेर जानुपर्छ । मोर्चामा आबद्ध हुनेबारे औपचारिक छलफल भएको छैन । अनौपचारिक छलफल मात्र भएको छ । मोर्चाको कार्यक्रममा हामी जान्छौं,' उनले भने ।

एमाले उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले आर्थिक, सामाजिक, सांस्कृतिक रूपान्तरणको एजेन्डा मिलेर अगाडि बढ्नुको विकल्प नभएको बताइन् । कम्युनिस्ट पार्टीहरूको लक्ष्य एउटै भए पनि कार्यनीति र शैलीमा मात्रै केही फरक रहेको उनले बताइन् । 'देशको समृद्धिको खाका कोर्नुपर्नेछ, आर्थिक, सामाजिक, सांस्कृतिक रूपान्तरण गर्नुपर्नेछ । यस्तो वेलामा एकताको गफ दिएर मात्रै हुँदैन । लक्ष्य एउटै छ, अलिकति कार्यनीति र शैली फरक होला, त्यसकारण मिलेर जानुको विकल्प छैन । संकीर्णताका कारण मिल्न गाह्रो भयो । देश बनाउने वेलामा हामी किन मिल्न सकेनौं भनेर सोच्नुपर्छ । मिलेर अगाडि नबढी देश बढ्दैन । सोचमा परिवर्तन गरेर एकताबद्ध हुँदै अगाडि बढ्नुपर्छ ।'

बैठकले समाजवादी मोर्चाका नारा देशव्यापी प्रचार-प्रसार गर्ने, भित्तेलेखन, ब्यानर, पर्चालगायतबाट मोर्चाको नीति जनतामाझ पुऱ्याउने, उपत्यकामा वामपन्थी बुद्धिजीवी, व्यवसायीहरूसँग केन्द्रीयस्तरको अन्तर्क्रिया गर्ने, प्रदेशस्तरमा विचार गोष्ठी गर्ने निर्णय भएको छ । समाजवादी मोर्चाको मुखपत्र प्रकाशन गर्ने निर्णय पनि भएको छ ।

मिटरब्याजपीडित र लघुवित्तपीडितको आन्दोलनको समर्थन गर्ने र राज्यलाई छिटो समाधान गर्न सार्थक वार्ता गर्न आग्रह गरेको छ ।

यसअघि गत ६ फागुनमा बसेको मोर्चाको बैठकले विप्लवलाई संयोजक बनाउने निर्णय गरेको थियो । मोर्चामा नेतृत्व आलोपालो गर्ने सहमति छ । यसअघि एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल मोर्चाको संयोजक थिए ।

नेपाली विशेषताको समाजवाद निर्माण गर्ने मोर्चाको लक्ष्य छ । विद्यमान राष्ट्रिय राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक समस्या र चुनौतीको सामना गर्दै देशलाई अग्रगामी निकास दिन समाजवादी शक्तिहरूलाई एकताबद्ध बनाउने उद्देश्य मोर्चाको छ । संविधानको रक्षा, कार्यान्वयन, समयसापेक्ष संशोधन, परिमार्जन, शान्ति प्रक्रियाका बाँकी कामको पूर्णता, संघीय शासन प्रणालीमा आधारित समतामूलक, न्यायपूर्ण, विभेदरहित समाजवादी गणतन्त्रात्मक व्यवस्था स्थापना गर्न साझा मुद्दा, लक्ष्य र उद्देश्य प्राप्तिका लागि भन्दै मोर्चामा आबद्ध चार दलले १५ बुँदे प्रतिबद्धता जनाएका छन् ।

रुसी सेनामा...

पृष्ठ १ बाट क्रमशः

परिवाजन र रुसमा कार्यरत नेपालीहरूसँग समन्वय गरिरहेकी छिन् । भण्डारीका कारण अभियानमा एक हजारभन्दा बढी परिवारका सदस्य जोडिएका छन् ।

'सूचनाको मुख्य स्रोत परिवार भएका कारण परिवारसँग सम्पर्क गरी हाल सम्म पाँच सय ३१ जनाको विवरण संकलन गर्न हामी सफल भएका छौं जसमध्ये मृत्यु भएका १६, घाइते एक सय १६ जना बेपत्ता वा लामो समयदेखि परिवारको सम्पर्कमा नआएका दुई सय ६० जनाभन्दा माथि हुनुहुन्छ,' भण्डारीले भनिन्, 'परिवारको सम्पर्कमा रहेकासमेत गरी पाँच सय जनाभन्दा बढी नेपाली युवा रुसी सेनामा कार्यरत रहेको देखिन्छ,' परिवारजनले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डका नाममा सार्वजनिक गरेको ज्ञापनपत्रमा उल्लेख गरेका छन् । प्रधानमन्त्री प्रचण्डले समय नदिएका कारण पत्रकार सम्मेलनमार्फत ज्ञापनपत्र सार्वजनिक गरिएको उनीहरूले जनाएका छन् ।

भण्डारीले रुसी सेनामा भर्ती हुन पुगेका नेपालीहरूलाई सुरक्षा कवचका रूपमा प्रयोग गर्ने, सेना छोड्न चाहने नेपालीलाई पक्रिएर पुनः युद्धभूमिमा फर्काउने, घाइतेको राम्रो उपचार नहुने, आदेश मान्न अटेर गरेको अभियोगमा नेपालीहरूमाथि कुटपिटलगायतका दुर्व्यवहार भइरहेको सूचना आएको पनि जानकारी दिइन् ।

'युद्धमा कुनै साइनो सम्बन्ध नभएको नेपालका नागरिकहरूले अनाहकमा मृत्युवरण गर्नुपर्ने अवस्था, बाँचेकाहरू चाहेर पनि स्वदेश फर्कन नपाउने अवस्था, जबर्जस्ती युद्धमा होमिनुपर्ने बाध्यता, युद्धबन्दीको रूपमा नारकीय जीवन व्यतीत गर्न बाध्य नेपालीको अवस्था निकै नै दर्दनाक छ,' परिवारजनका तर्फबाट सार्वजनिक सञ्चारमाध्यममार्फत प्रधानमन्त्री प्रचण्डलाई पठाइएको ज्ञापनपत्रमा भनिएको छ ।

अभियानले बेपत्ताको खोजी गर्न विदेशमा रहेका सम्भावित सबै नेपाली संयन्त्र परिचालन गर्ने विधि र प्रक्रिया घोषणा गरी तत्काल कार्यान्वयनमा लैजान सरकारसँग माग गरेको छ ।

रुसी सेनामा कार्यरत तीनजना नेपालीको रुसमै अन्तिम संस्कार भएको छ । परिवारको सहमतिमा रुसी सेनाले त्यहाँ मृत्यु भएका अन्य नेपाली नागरिकको पनि क्रमशः अन्तिम संस्कार गर्ने र नेपालमा अस्तु संकलन गरेर पठाउने जानकारी नेपाललाई दिएको छ ।

कन्सुलर सेवा विभागका महानिर्देशक प्रकाशमणि पौडेलका अनुसार सन्दीप थपलिया, रूपक कार्की र देवान राईको अन्तिम संस्कार भएको छ । थपलिया गोरखाका हुन् भने कार्की कपिलवस्तुका र राई कास्कीका स्थायी बासिन्दा हुन् । 'परिवारले सहमति दिएपछि रुसले सैनिक सम्मानका साथ तीनजनाको अन्तिम संस्कार गरेको जानकारी आएको छ,' महानिर्देशक पौडेलले नयाँ पत्रिकासँग भने, 'परिवारको सहमति लिएर बाँकी शवहरूको पनि अन्तिम संस्कार गर्ने र अस्तु पठाउने भन्ने जानकारी पाएका छौं ।'

गत साता मस्कोमा राईको अन्तिम संस्कार भएको हो भने थपलिया र कार्कीको अन्तिम संस्कार दुई महिनाअघि नै भएको परराष्ट्रलाई जानकारी आएको छ । सलामीसहित उनीहरूको अन्तिम संस्कार भएको हो । रुसी सेनाले युद्धमा मारिएका सैनिकको शव पहिचान गर्न सकिएमा मात्रै अन्तिम संस्कार गरेर अस्तु पठाउने भनेको छ । कतिपय नेपाली सैनिकको शव युद्धक्षेत्रमा पहिचान गर्न सक्ने अवस्थामा नरहेको रुसस्थित नेपाली राजदूतावासले परराष्ट्र मन्त्रालयलाई जानकारी दिएको छ ।

रुसबाट बाहिर शव पठाउने रुसी नियम नभएको र त्यो प्रक्रिया खर्चिलो हुने भएपछि परिवारबाट सहमति लिएर मृतकहरूको अन्तिम संस्कार गर्ने उपायमा नेपालले सहमति दिएको एक उच्च कूटनीतिक अधिकारीले जानकारी दिए । 'कुनै ठाउँमा शवको कंकालका साथमा नेपाली पासपोर्ट भेटिएकाले नेपाली हो भन्ने पहिचान भएको छ, केही ठाउँमा रुसी सेनाको स्थानीय कमान्डरको सूचनाका आधारमा मृत्यु भएको जानकारी आएको छ । शवको अत्तोपत्तो पनि छैन,' परराष्ट्रका एक अधिकारीले नयाँ पत्रिकासँग भने । गत भदौपछि नेपाली रुसी सेनामा भर्ती भएका हुन् ।

त्यस्तै, रुसी सेनामा कार्यरत रहेर युद्धमा खटिने क्रममा चारजना युक्रेनी सेनाको हिरासतमा छन् । बर्दियाका विवेक खत्री, काभ्रेका सिद्धार्थ ढकाल, मोरङका विकास राई र रोल्पाका प्रतीक पुनको रिहाइका लागि सरकारले युक्रेनसँग र अमेरिकी सरकारमार्फत पनि कूटनीतिक प्रयास जारी राखेको छ ।

अख्तियार र...

पृष्ठ १ बाट क्रमशः

छ । फर्जी लाइसेन्सबारे तत्काल गतिविधि अघि बढाएर छानबिन गर्नुपर्ने सिआइबीको गति पनि उस्तै सुस्त छ । यसबीचमा छानबिन गरिदिन विभागले सिआइबीलाई अनुरोधसहित पटक-पटक पत्राचार गरिसकेको छ । तर, सिआइबीले छानबिनकै चरणमा रहेको बताइरहेको छ ।

विभागले गत माघ १४ मा आफ्नो छानबिनले औंल्याएका विषय र फर्जी लाइसेन्सका विवरणसहितका प्रतिवेदन एकैपटक मन्त्रालयसहित अख्तियार र सिआइबीलाई पठाएर थप अनुसन्धान र कारबाहीका लागि अनुरोध गरेको थियो । तर, यो अनुरोध र पत्राचार गरेको एक महिना पुग्न लाग्दा पनि छानबिनका गतिविधि परिणामकेन्द्रित हुन सकेका छैनन् । यसबीचमा विभागले सिआइबीलाई अरू तीनपटक पत्राचार गरेको छ । विभागले दोस्रोपटक माघको २३, २५ र २९ गते पत्राचार गरेको थियो ।

सिआइबीको प्रतिनिधिसहितको विभागको छानबिन समितिले कसरी फर्जी लाइसेन्स जारी भए भन्ने 'केस'हरूसमेत हेरेर, कुन कार्यालय र युजरबाट कति लाइसेन्स जारी भए, प्रणालीका छिद्रसमेत केलाएर विवरणसहित प्रतिवेदन तयार गरेको थियो । छानबिन समितिमा सिआइबीकै डिएसपी डा. तपनकुमार दाहालसमेत संलग्न थिए ।

आफ्नै प्रतिनिधिसहितको समितिले फर्जी लाइसेन्स जारी भएको यकिन गरेर प्रतिवेदन दिँदा र विभागले पटक-पटक आग्रह गर्दा पनि सिआइबीले अनुसन्धानलाई यथोचित गति दिएको छैन ।

सिआइबीकी निर्देशक एआइजी किरण बज्राचार्य लाइसेन्स प्रकरणमा सिआइबीले अनुसन्धान अघि बढाइसकेको, तर थप प्रमाणहरू संकलन गर्न समय लागेको बताउँछिन् । 'मुद्दालाई बलियो बनाउने गरी अनुसन्धान अघि बढाउन लागेका छौं,' उनले भनिन्, 'हाम्रो टिमले विस्तृत अनुसन्धान अघि बढाइसकेको छ ।'

यसैबीचमा फर्जी सवारी लाइसेन्सबारे भइरहेका अनुसन्धान र छानबिन प्रभावित गर्न लबिङ भइरहेको छ । फर्जी लाइसेन्स जारी गर्ने गैरकानुनी गतिविधिमा संलग्न रहेकाहरूले यससम्बन्धी अनुसन्धानलाई प्रभावित पार्न तीव्र लबिङ गरेका हुन् । यही लबिङका कारण पनि अनुसन्धान सुस्त हुन पुगेको स्रोतको दाबी छ ।

फर्जी लाइसेन्स जारी गर्नेहरूको संगठित सञ्जाल नै सक्रिय रहेको देखिन्छ । यही सञ्जालले प्रणालीभित्र छिरेर विवरण फेर्ने र त्यसको ठाउँमा नयाँ हालेर लाइसेन्स जारी गर्थ्यो । मृत्यु भइसकेका, विदेशमा रहेका, नवीकरण नगरिएका तथा भ्यालिड रहेकै लाइसेन्स नम्बरमा अर्को फर्जी लाइसेन्स जारी गर्नेलगायतका काम गर्थ्यो ।

फर्जी लाइसेन्समा अर्बौंको आर्थिक चलखेलसमेत देखिएको छ । प्रतिलाइसेन्स ५० हजारदेखि आपत्कालको स्थिति हेरेर १०औं लाख रुपैयाँसम्ममा तुरुन्तै लाइसेन्स जारी हुने गरेको भेटिएको छ । बिचौलिया र कर्मचारीको बलियो साँठगाँठबाट यस्तो गैरकानुनी काम हुने गरेको थियो । छानबिन अघि बढ्दा कानुनी कारबाहीको फन्दामा परिने डरले उक्त समूह अहिले प्रभावित पार्ने चलखेलमा लागेको यातायात व्यवस्था विभागको स्रोत बताउँछ ।

निसानामा बाघ...

पृष्ठ १ बाट क्रमशः

राष्ट्रिय निकुञ्जका रहेको अनुमान छ ।

त्यसअघि ६ माघमा कैलालीको जानकी गाउँपालिका-९ मा रहेको अमरावती सामुदायिक वनमा पासो लगाएर बाघ मारिएको थियो । उक्त बाघ बर्दिया राष्ट्रिय निकुञ्जबाट सामुदायिक वनमा गएको थियो ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उपमहानिर्देशक वेदकुमार ढकालले कैलाली र नवलपरासीमा बाघ मारिएका घटनाबारे सूक्ष्म अध्ययन भइरहेको बताए । 'प्राविधिक पाटोमा हामी (विभाग) सघाउँछौं, अपराधसँग जोडेर सिआइबीले हेर्छ,' ढकालले भने, 'प्रतिशोधको हिसाबले मार्न थालेको वा गिरोह नै सक्रिय भएको हुन सक्छ ।'

संरक्षित क्षेत्रबाहिर पनि बाघ देखिन थालेपछि गिरोह सक्रिय भएको अनुमान गर्न थालिएको छ । निकुञ्जको सुरक्षा नेपाली सेनाको घेरामा रहने भए पनि सामुदायिक वन तथा राष्ट्रिय वन क्षेत्रमा सुरक्षाकर्मीको उपस्थिति नहुने भएकाले गिरोह त्यतातिर लागेको हुन सक्नेबारे विभागले अध्ययन गरिरहेको छ । 'राष्ट्रिय वनमा सशस्त्र वनरक्षक त हुन्छन्, तर निकै कम संख्या छ । अपराध भइहाले नेपाल प्रहरी र सशस्त्र प्रहरीसँग सहकार्य हुन्छ,' ढकालले भने, 'त्यहाँ त्यति ध्यान नजाने भएकाले तस्करी गर्न सहज भएको हुन सक्छ ।' विभागको ०७९ को सर्वेक्षणअनुसार नेपालमा तीन सय ५५ पाटेबाघ छन् ।

राष्ट्रिय प्रकृतिक संरक्षण कोषका प्रवक्ता अम्बिकाप्रसाद खतिवडा नेपालमा बाघ मारिने घटनालाई दुइटा कोणबाट हेर्छन् । पहिलो, छाला र हड्डी तस्करी गरेर पैसा कमाउन बाघलाई निसाना बनाइन्छ भने दोस्रो द्वन्द्वका कारण जिउज्यान जोगाउन मारिने हुन्छ । 'बाघको तस्करी गर्ने 'नेटवर्क' नै छ, थोरै पैसा दिएर बाघ मार्न स्थानीयलाई प्रयोग गरिन्छ,' खतिवडाले भने, 'तस्करले गरिबीको फाइदा उठाउँछन् । निकै कम पैसा दिएर मार्न लगाउँछन् । पक्राउ पर्ने पनि भरिया वा कम पैसा लिएर बाघ मार्नेहरू हुन् । नाइकेहरू फुत्किहाल्छन् ।'

नेपाललाई ट्रान्जिट बनाएर भारत र चीनमा वन्यजन्तु र तिनका आखेटोपहार पठाउने गरिन्छ । आखेटोपहारबाट पुरानो पद्धतिको औषधि बनाउने, उपहार दिन एवं सजावटका सामग्रीमा बाघको आखेटोपहारको प्रयोग हुन्छ ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन-०२९ अनुसार वन्यजन्तुको चोरी-सिकारी गर्ने, आखेटोपहार राख्ने, खरिद-बिक्री गर्ने तथा ओसारपसार गर्नेलाई पाँच लाख रुपैयाँदेखि १० लाखसम्म जरिवाना वा पाँच वर्षदेखि १५ वर्षसम्म कैद तथा दुवै सजाय हुन्छ ।

एन आई सी एशिया बैंक म्युचुअल फण्ड

अन्तर्गत सञ्चालित

एन आई सी एशिया फ्लेक्सी क्याप फण्ड

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डबाट २०७४/०१/२५ मा योजना संचालन अनुमति प्राप्त २०७४/०३/३१ देखि २०८६/०३/३० सम्म अवधि भएको ७ वर्षे योजना

२०८० माघ मसान्तको खुद्र सम्पत्ति मूल्य सम्बन्धी विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य (रु.)	गत मासिक मसान्त सम्पत्ति मूल्य (रु.)
	सूचिकृत धितोपत्रमा लगानी		
१	शेयर	७१६,६२०,६२१	७२८,४९९,२४४
२	ऋणपत्र	१५,०००,०००	१५,०००,०००
	सूचिकृत नभएको धितोपत्रमा लगानी		
१	शेयर	१८,९९६,४४७	२०,७४७,०८५
२	ऋणपत्र	-	-
३	मुद्दती निक्षेप	१०३,०००,०००	१५३,०००,०००
	कुल लगानी (क)	**८५३,६१७,०६७**	**५१७,२४६,३२५**
	चालु सम्पत्ति		
१	बैंक मौज्दात	२७१,६९१,७६१	२११,८०८,१३१
२	अन्य सम्पत्ति	२,७०३,८९२	१५,७९९,२४६
	जम्मा (ख)	**२७४,३५५,६५२**	**२२७,६०७,३७७**
	चालु दायित्व		
१	चालु दायित्व	-	३,१५९,५७५
२	भुक्तानी दिनुपर्ने शुल्क	४,६७६,४४७	४,६३२,०३८
	जम्मा (ग)	**४,६७६,४४७**	**७,७५१,६१३**
	कूल सम्पत्ति (क+ख-ग)	**१,१२३,३३६,२७३**	**१,१३७,०६२,०५४**
१	योजना व्यवस्थापक शुल्क	१,३३८,७७१	१,३५५,१२९
२	डिपोजीटरी शुल्क	१७८,५०३	१८०,६८४
३	कोष सुपरीवेक्षक शुल्क	८९,२५१	९०,३४२
	खुद सम्पत्ति	**१,१२१,७२५,७४८**	**१,१३५,४३५,४३५**
	जम्मा जारी इकाई संख्या	**१०२,०००,०००**	**१०२,०००,०००**
	प्रति इकाई खुद सम्पत्ति मूल्य	**११.००**	**११.१३**

२०८० माघ मसान्तको आय व्यय विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य (रु.)	गत मासिक मसान्त सम्पत्ति मूल्य (रु.)
	आम्दानी		
१	प्राप्त भइसकेको आम्दानी/(नोक्सान)	२९,७११,२८१	२८,८१७,८२९
२	प्राप्त भइनसकेको आम्दानी/(नोक्सान)	४१,९७२,६८६	५४,९७२,३०३
	जम्मा आम्दानी	**७१,६८३,५६७**	**८३,७५०,१३२**
	खर्च		
१	सूचना तथा प्रकाशन स्वर्च	९२,३७२	७८,५४४
२	बैंक शुल्क	१,१३०	१,०५५
३	स्टक एक्सचेञ्ज वार्षिक शुल्क	५०,०००	५०,०००
४	योजना व्यवस्थापन शुल्क	९,३३९,१३३	८,०५४,३६३
५	डिपोजीटरी शुल्क	१,२४५,२१८	१,०७३,९१५
६	कोष सुपरीवेक्षक शुल्क	६२२,६०९	५३६,९५८
७	योजना लेखा परीक्षण शुल्क	६०,५००	५०,०००
८	सिडिएससि वार्षिक शुल्क	१७०,०००	१७०,०००
९	बुक बिल्डिङ शुल्क	५,०००	५,०००
१०	सफट्वेयर स्वर्च	१०१,७००	६७,८००
	जम्मा खर्च	**११,६८७,६६२**	**१०,०८७,६३५**
	कुल नाफा/(नोक्सान)	**५५,५५६,३०५**	**७३,७०२,४५७**

नोट:
१. सूचिकृत तथा सूचिकृत नभएको शेयर तथा डिबेन्चर गरी योजनाले २०८० माघ मसान्तसम्म गरेको लगानीको परल मूल्य (धितोपत्र दलाल कमिशन, कारोबार शुल्क समेत रु.७११,६६०,८६५.१७ रहेकोछ ।
२. सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मुल्यांकन नीति बमोजिम योजनाको लगानी मुल्यांकन गरिएको छ ।
३. योजनाको प्रति इकाई खुद सम्पत्ति मूल्य साप्ताहिक रुपमा योजना व्यवस्थापकको वेवसाइट ww.nicasiacapital.com मार्फत सार्वजनिक गरिएको छ ।
४. अपरिष्कृत वित्तीय विवरणमा पेश भएका विवरण नियमन निकायले निर्देशन गरेको खण्डमा निर्देशन गरिए बमोजिम परिवर्तन हुन सक्नेछ ।

सूचिकृत धितोपत्रमा भएको लगानी विवरण

क्र.सं.	धितोपत्र	संख्या	जम्मा मूल्य (रु.)
क)	**वाणिज्य बैंक**		
१	एनएमबि बैंक लिमिटेड	९३,३२२	१७,८२४,५०२
२	सानिमा बैंक लिमिटेड	९४,४८२	२३,६२०,५००
३	नेपाल बैंक लिमिटेड	७३,२२१	१६,७९६,८९७
४	स्टान्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड	१८,९९८	१०,१४४,९३२
५	प्रभु बैंक लिमिटेड	९४,२७५	१४,६०३,१९८
६	एभरेष्ट बैंक लिमिटेड	४१,९५४	२२,०२५,८५०
७	प्राइम कमर्सियल बैंक लिमिटेड	९५,०४५	१९,२४६,६१३
८	माछापुच्छे बैंक लिमिटेड	७८,३७९	१४,३९०,३८४
९	नबिल बैंक लिमिटेड	३७,६९१	१७,९७८,६०७
१०	लक्ष्मी सनराइज बैंक लिमिटेड	७३,३२२	१२,२०८,११३
११	कृषि विकास बैंक लिमिटेड	७४,३८४	१७,७०३,३९२
ख)	**विकास बैंक**		
१	महालक्ष्मी विकास बैंक लिमिटेड	६७,३६४	२३,०३८,४८८
२	मुक्तिनाथ विकास बैंक लिमिटेड	६४,१९९	२३,८८२,०२८
३	गरिमा विकास बैंक लिमिटेड	६६,५६७	२५,५६१,७२८
४	शाइन रेसुन्गा डेभलपमेण्ट बैंक लिमिटेड	६१,६२९	२४,०३५,३१०
ग)	**जीवन विमा कम्पनी**		
१	एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	५७,५७१

आफूखुसी निर्णय गर्ने सरकारको प्रवृत्तिप्रति महान्यायाधिवक्ता कार्यालयको असन्तुष्टि

'जथाभावी नियुक्ति, बर्खास्ती, सरुवाजस्ता कार्य स्वाभाविक भए पनि कानुनसम्मत नहुँदा प्रतिरक्षा गर्न कठिन'



● **सञ्जीवराज रेग्मी**, नायब महान्यायाधिवक्ता, महान्यायाधिवक्ता कार्यालय

निर्णय गर्ने अधिकार संविधान वा कानुनले दिएको छ भन्दैमा निर्णय गरिहाल्ने होइन। प्रक्रिया पूरा गर्नुपर्‍यो, आधार बलियो हुनुपर्‍यो, कानुनसम्मत हुनुपर्‍यो। तर, त्यसो नहुँदा अदालतमा कठिनाइ हुन्छ। त्यसैले हामीले यस विषयमा सरकारलाई सुझावसमेत दिएका छौं।

शिल्पा कर्ण/नयाँ पत्रिका

● सरकारले गभर्नर महाप्रसाद अधिकारीलाई निलम्बन गर्न गतवर्ष चैत अन्तिममा जाँचबुझ समिति बनायो। लगत्तै उनी निलम्बनमा परे र डेपुटी गभर्नरलाई कायममुकायमको जिम्मेवारी दिइयो। निलम्बनको निर्णयविरुद्ध अधिकारी ५ वैशाख ०७९ मा सर्वोच्च अदालत पुगे। भोलिपल्टै न्यायाधीश हरिप्रसाद फुँयालको इजलासले अल्पकालीन अन्तरिम आदेश जारी गर्‍यो। न्यायाधीशद्वय सपना प्रधान मल्ल र टंकबहादुर मोक्तानको इजलासबाट उक्त अन्तरिम आदेशलाई निरन्तरता दिने आदेश भयो। जसपछि गभर्नर अधिकारी हालसम्म पनि पदमै छन्।

● पछिल्लोपटक स्वास्थ्य बिमा बोर्डका कार्यकारी निर्देशक रविराज बसौलाका नियुक्ति र निलम्बन पनि उस्तै विवादास्पद बन्यो। विवाद अदालतसम्मै पुग्यो। स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले बसौलालाई सोधेको ११ बुँदे स्पष्टीकरणको सन्तोषजनक जवाफ नदिएको भन्दै असोज तेस्रो साताबाट तीन महिनाका लागि निलम्बन गरे। यसविरुद्ध १७ कात्तिकमा सर्वोच्च अदालत पुगेका बसौलाको निलम्बनबारे दुई पक्ष भिकाएर छलफल भयो। जसपछि ६ पुसमा न्यायाधीशद्वय हरिप्रसाद फुँयाल र सुनीलकुमार पोखरेलको इजलासबाट अन्तरिम आदेश जारी भएकोमा हालसम्म कायम छ।

● नेपाल वायु सेवा निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीको निलम्बन र पुनर्बहाली गर्न सर्वोच्चबाट भएको अन्तरिम आदेशलाई पनि सर्वोच्चले उल्ट्याएको सरकारको निर्णयको उदाहरणका रूपमा लिन सकिन्छ। कात्तिक ०७८ मा अधिकारीलाई निगमको अध्यक्षमा नियुक्त गरिएको थियो भने असार ०७९ मा उनलाई सरकारले निलम्बनको निर्णय गर्‍यो।

पछिल्लो समय अदालतले सरकारका निर्णय उल्ट्याएका यस्ता कैयौं उदाहरण छन्। विशेषगरी, सरुवा तथा बर्खास्तीसम्बन्धी सरकारको निर्णयलाई



अदालतले कार्यान्वयन नगर्न आदेश दिने गरेको छ। गभर्नर अधिकारीका विषयमा नेपाल राष्ट्र बैंक ऐन, ०५८ को दफा २२(५)अनुसार पदमुक्त हुने अवस्था रहेको दाबी गरेको थियो। तर, जाँचबुझ समिति गठन गर्नुपर्ने पूर्वावस्था विद्यमान नरहेको निष्कर्षसहित निलम्बनको निर्णय कार्यान्वयन नगर्न नगराउन आदेश गर्‍यो। गभर्नर अधिकारीलाई 'प्रारम्भिक रूपमा सुनुवाइको मौका नदिइएको, सिर्फ कानुनको दफा मात्र उल्लेख गरी पदमुक्त गर्न आवश्यक भएको भनी जाँचबुझ समिति गठन गर्ने र निलम्बन गर्ने कार्य प्रथम दृष्टिमै पूर्वाग्रही, बदनियतपूर्ण' रहेको १६ वैशाख ०७९ को आदेशमा उल्लेख छ।

यसैगरी, वायुसेवा निगमका कार्यकारी अध्यक्ष अधिकारीका सम्बन्धमा पनि तीन निवेदन सर्वोच्चमा विचाराधीन छन्। ११ कात्तिक ०७८ मा चारवर्षे कार्यकालका लागि नियुक्त भएका उनलाई गतवर्ष सरकारले बर्खास्त गरेपछि उनी १३ असार ०७९ मा अदालत पुगेका थिए। यसमाथि तत्कालै तिलप्रसाद श्रेष्ठको इजलासबाट अल्पकालीन अन्तरिम आदेश जारी भयो भने त्यसपछिको संयुक्त इजलासले त्यसलाई निरन्तरता दियो। अधिकारीलाई निलम्बन गर्ने निर्णय वायु सेवा निगम ऐनको दफा २० विपरीत रहेको ठहर उक्त इजलासको थियो। न्यायाधीश श्रेष्ठले गरेको आदेशमा, '...निजउपर कुनै जाँचबुझ वा छानबिन गर्नुपर्ने भए निलम्बन नगरीकनै पनि जाँचबुझ गर्न सकिने अवस्था रहेको देखिएको हुँदा अन्तरिम आदेशका लागि पछि हुने छलफलबाट अन्यथा आदेश नभएसम्म निवेदकलाई निलम्बन गर्ने हदसम्म नेपाल सरकार (मन्त्रिपरिषद्)को' निर्णय कार्यान्वयन नगर्न नगराउन भनिएको छ।

■ प्रतिरक्षा गर्न सरकारी वकिललाई हम्मेहम्मे

सरकार वा सरकारी निकायबाट भएका सबै निर्णयको पैरवी सरकारी वकिलले गर्नुपर्छ। तर, ती निर्णय गैरकानुनी छन् वा प्रक्रियागत त्रुटि छ भने सरकारको प्रतिरक्षा गर्न सरकारी वकिललाई हम्मेहम्मे पर्छ। संवैधानिक-कानुनी आधार र तर्क कमजोर भएपछि मुद्दा हार्ने सम्भावना बढी हुन्छ। सरकार परिवर्तन भएपिच्छे जथाभावी नियुक्ति, बर्खास्ती, सरुवाजस्ता कार्य स्वाभाविक भए पनि कानुनसम्मत नहुँदा कतिपय अवस्थामा यस्ता विषय अदालत पुग्ने गरेका छन्। तर, सरकारको त्रुटि देखिँदा सरकारी वकिललाई प्रतिरक्षा गर्न कठिनाइ हुने गरेको छ। 'निर्णय गर्ने अधिकार संविधान वा कानुनले दिएको छ भन्दैमा निर्णय गरिहाल्ने होइन। प्रक्रिया पूरा गर्नुपर्‍यो, आधार बलियो हुनुपर्‍यो, कानुनसम्मत हुनुपर्‍यो। तर, त्यसो नहुँदा अदालतमा कठिनाइ हुन्छ। त्यसैले, हामीले यो विषयमा सरकारलाई सुझावसमेत दिएका छौं,' महान्यायाधिवक्ताको कार्यालयका नायब महान्यायाधिवक्ता सञ्जीवराज रेग्मी भन्छन्। सरकारले कुनै कानुनी द्विविधा भए महान्यायाधिवक्ता तथा सरकारी वकिलसँग सुझाव लिनसक्ने ठाउँ दिँदादिँदै पनि त्यसको उपयोग नगरिनुले कतिपय अवस्थामा सरकारवादी मुद्दा हार्ने गरेको उनको अनुभव छ।

पछिल्लो समय गिरीबन्धु टी स्टेटको जग्गा सट्टापट्टा गर्ने भनी तत्कालीन सरकारबाट भएको निर्णय उल्ट्याउने सर्वोच्चको निर्णयलाई पनि उदाहरण मान्न सकिन्छ। सर्वोच्चको संवैधानिक इजलासले १३ वैशाख ०७८ मा मन्त्रिपरिषद्बाट भएको निर्णयलाई अपरिपक्व भन्दै २४ माघमा बदर गरेको थियो। साथै, भूमिसम्बन्धी ऐनको केही प्रावधान अनुकूल नरहेको सर्वोच्चको ठहर थियो।

नेपालको संविधानको भाग १२ ले महान्यायाधिवक्ताबारे उल्लेख छ। प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिबाट महान्यायाधिवक्ता नियुक्त हुन्छन्। यसका लागि सर्वोच्चको न्यायाधीशसरह योग्यता चाहिन्छ भने त्यसैअनुसारका सेवा-सुविधा तोकिएको हुन्छ।

धारा १५८(१)मा भनिएको छ, 'महान्यायाधिवक्ता नेपाल सरकारको मुख्य कानुनी सल्लाहकार हुनेछ। संवैधानिक एवं कानुनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई रायसल्लाह दिनु महान्यायाधिवक्ताको कर्तव्य हुनेछ।' यसैको उपधारा (२) मा नेपाल सरकारको हक, हित वा सरोकारनिहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका सरकारी वकिलबाट नेपाल सरकारको प्रतिनिधित्व गरिने उल्लेख छ।

संविधानमै नेपाल सरकारका तर्फबाट दायर मुद्दा फिर्ता लिँदा महान्यायाधिवक्ताको राय लिनुपर्ने व्यवस्था छ। उपधारा(४) मा संघीय संसद् वा त्यसको कुनै समितिले गरेको आमन्त्रणबमोजिम महान्यायाधिवक्ताले बैठकमा उपस्थित भई कानुनी प्रश्नमा राय व्यक्त गर्नसक्ने उल्लेख छ। तर,संविधानले नै दिएको अधिकारसमेत प्रयोग नगरी जथाभावी बर्खास्ती र निलम्बनको निर्णय गर्दा कानुनी रूपमा सरकार नै कमजोर देखिने गरेको छ। यसरी अधिकार प्रयोग गर्दा आवश्यक परेको खण्डमा कानुनी राय लिन महान्यायाधिवक्ताको कार्यालय हुँदाहुँदै नलिइएको विषयमा महान्यायाधिवक्ताले वार्षिक प्रतिवेदनमा समेत बोलेको छ। यस विषयमा महान्यायाधिवक्ताले वार्षिक प्रतिवेदनमा सुझाव दिएको छ। समस्या र सुझाव खण्डको चौथो बुँदाको (क)मा भनिएको छ, 'राज्यका निकायबाट संवैधानिक तथा कानुनी विषयमा कानुनी राय परामर्श नलिई निर्णय हुने गरेको छ। यस्ता निर्णय कानुनी र कार्यविधिगत त्रुटि हुने र अदालतमा ती निर्णय न्यायिक चुनौतीको विषय हुने गरेका छन्। न्यायिक चुनौतीको विषय बनेका त्रुटिपूर्ण निर्णयको प्रतिरक्षा गर्न समस्या परेको छ।'

नागरिकता अध्यादेश प्रमाणीकरणका लागि तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीका सामु पेस हुँदा उनले साउन ०७९ माकानुन व्यवसायीहरूसँग सल्लाह लिएकी थिइन्। यद्यपि, यो अनौपचारिक र विचाराधारानजिक भएका कानुन व्यवसायीसँग उनले यस विषयमा धारणा लिएको भए पनि सरकारले कुनै निर्णय गर्नुअघि महान्यायाधिवक्तासँग सल्लाह गर्नुपर्ने सरकारी वकिल बताउँछन्। 'मन्त्रालयहरूमा कानुन अधिकृत हुन्छन्। उनीहरूसँग पनि सुझाव लिन सकिन्छ,' नायब महान्यायाधिवक्ता रेग्मीले भने।

'माता'को सल्लाह पछ्याउँदा शिशु चोरीसम्म

नयाँ पत्रिका

तथाकथित 'माता'को सल्लाह पछ्याउँदा दैलेख नौमुले गापा-१ की २४ वर्षीया मनकुमारी सिंह अस्पतालबाट शिशु चोरी गर्ने चरणसम्म पुगेको खुलेको छ। काठमाडौंको काँडाघारी बस्दै आएकी सिंहले थापाथलीस्थित परोपकार प्रसूतिगृह तथा स्त्रीरोग अस्पतालबाट काभ्रे चौरी देउराली गापा-३ की २२ वर्षीया सबिना श्रेष्ठको २६ दिनको शिशु चोरी गरेकी थिइन्। उनलाई प्रहरीले पक्राउ गरिसकेको छ। चोरी भएको शिशु श्रेष्ठ परिवारलाई जिम्मा लगाई सकिएको छ। मनकुमारी तीन वर्षदेखि बौद्धस्थित 'माता' कहाँ जाने-आउने गर्दै आएकी थिइन्। उनकै प्रभावमा शिशु चोरी गर्ने चरणसम्म पुगेको प्रहरीको अनुसन्धानबाट खुलेको छ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एसपी नवराज अधिकारीले शिशु चोरीमा संलग्न महिला हिरासतमा रहेको र उनी केही वर्षदेखि 'माता'को सम्पर्कमा रहेको देखिएको बताए। उनले भने, 'शिशु चोरीमा संलग्न महिला पक्राउ परेकी छिन्। उनलाई प्रहरी हिरासतमा राखिएको छ। उनी केही वर्षयता धार्मिक माताको सम्पर्कमा रहेको देखिन्छ। बाँकी विषयमा अनुसन्धान भइरहेको छ।'

> 'माता'ले उनलाई डाक्टरकहाँ नजान भन्दै विभिन्न जडीबुटी मिलाइएको औषधि दिने गर्थिन्। सोही औषधिको प्रभावले महिनावारी गडबडी भइरहेको थियो। सात महिनादेखि महिनावारी भएको थिएन। मनकुमारीले श्रीमान् र परिवारको सदस्यहरूलाई समेत गर्भवती भएको बताएकी थिइन्।

प्रहरीका अनुसार सिंहको श्रीमान् नेपाली सेनामा कार्यरत छन्। उनको पाँच वर्षअघि विवाह भएको थियो। यसबीचमा उनको सात महिनाको शिशु खेर गएको थियो। उनी मानसिक रूपमा विक्षिप्त थिइन्। त्यसपछि उनी बौद्धस्थित एक धार्मिक माताको सम्पर्कमा पुगेकी थिइन्। माताले उनलाई डाक्टर कहाँ नजान भन्दै विभिन्न जडीबुटी मिलाइएको औषधि दिने गर्थिन्। सोही औषधिको प्रभावले उनको महिनावारीमा गडबडी भइरहेको थियो। पछिल्लो सात महिनायता पनि उनको महिनावारी भएको थिएन। उनले श्रीमान् र परिवारको सदस्यलाई गर्भवती भएको बताएकी थिइन्। उनले शारीरिक चालढाल पनि सोहीअनुसार बनाएकी थिइन्। श्रीमान् र परिवारका सदस्यले पनि उनी गर्भवती नै भएको ठानेका थिए। सुत्केरी हुने महिना पुग्दै आएपछि उनी तनावमा थिइन्। उनले घटनाको गुत्थी आफ्नी दिदीसँग भने फुकाएकी थिइन्। सोही क्रममा उनलाई थापाथलीस्थित प्रसूतिगृह जाने र बच्चा चोरी गर्ने जुक्ति फुरेको थियो।

शिशु चोरी गर्ने योजनासहित उनी शुक्रबार बिहानै थापाथलीस्थित प्रसूतिगृह पुगेकी थिइन्। परिवारका सदस्यलाई भने सुत्केरी हुन अस्पताल गएको बताएकी थिइन्। सोही क्रममा उनी २२ वर्षीया श्रेष्ठनजिक पुगेकी थिइन् र 'नानी मलाई देऊ म बोकी दिन्छु' भन्दै मागेकी थिइन्। त्यसपछि भने उनी अस्पतालबाट एकाएक बेपत्ता भएकी थिइन्। शिशु काँडाघारीस्थित डेरा पुऱ्याएलगत्तै उनले आफू सुत्केरी भएको खबर श्रीमान्सहित परिवारका सदस्यलाई खबर गरेकी थिइन्। उनका श्रीमान् पनि खुसी हुँदै डेरा पुगेका थिए। शिशु चोरी गरी ल्याइएको खुलेपछि उनका श्रीमान् छाँगाबाट खसेझैं भए। सिंहको मानसिक स्वास्थमा पनि समस्या देखिएको प्रहरीको भनाइ छ। परिसरका प्रवक्ता एसपी अधिकारीले भने, 'सिंह प्रहरी हिरासतमा छिन्। उनको स्वास्थ अवस्था अहिले ठीकै छ।'

संक्षेप

महासमितिले कांग्रेसलाई एक ढिक्का बनाएको छ : कोइराला



काठमाडौं/ कांग्रेस पूर्वमहामन्त्री डा. शशांक कोइरालाले मुलुकको भविष्य कांग्रेससँग मात्रै भएको बताएका छन्। महासमिति सदस्यहरूको स्वागतमा आयोजित चियापान तथा भेटघाट कार्यक्रमलाई लैनचौरमा सम्बोधन गर्दै उनले महासमितिले कांग्रेसलाई एक ढिक्का बनाएको बताए। मुलुकको भविष्य बोकेको कांग्रेसलाई एक ढिक्का बनाएर अगाडि बढाउनुपर्ने उनको भनाइ थियो। 'महासमितिले हामीलाई एक ढिक्का बनाएको छ। सँगै उत्साह र उमंग बोकेर फर्किनुस्, आगामी निर्वाचनमा कांग्रेसलाई सर्वश्रेष्ठ पार्टी बनाउन लागौं,' उनले भने, 'कांग्रेससँग मुलुकको भविष्य जोडिएको छ। कांग्रेसलाई एक ढिक्का बनाएर अगाडि बढौं।' कांग्रेस एक ढिक्का भइरहे कुनै शक्तिले हराउन नसक्ने उनको भनाइ थियो। यसका लागि पार्टी नेतृत्वले सबैलाई समेटेर अगाडि बढ्नुपर्नेमा उनले जोड दिए। कार्यक्रममा सभापति शेरबहादुर देउवा, महामन्त्री गगन थापा, नेताहरू प्रकाशमान सिंह, कृष्ण सिटौला, पूर्वउपसभापति गोपालमान श्रेष्ठलगायतको सहभागिता रहेको थियो।

एमाले कैलालीको अध्यक्षमा ढुंगाना

धनगढी/ एमाले कैलालीको अध्यक्षमा यज्ञराज ढुंगाना निर्वाचित भएका छन्। दुई सय ८७ मतसहित ढुंगाना अध्यक्षमा निर्वाचित भएका हुन्। उनका निकटम प्रतिस्पर्धी डेजी पाण्डेयले दुई सय १८ मत पाए। ढुंगाना एमालेको पूर्वप्रदेश सचिवालय सदस्य हुन् भने पाण्डेय निवर्तमान सचिव हुन्। उपाध्यक्षमा पाण्डेय प्यानलका लोकेन्द्रबहादुर शाही एक सय ९३ मत पाएर विजयी भए। सचिवमा पनि पाण्डेय प्यानलकै ममताप्रसाद चौधरी दुई सय ४३ मत पाएर विजयी भएका छन्। उपसचिव खुलामा ढुंगाना प्यानलका चूडामणि भट्ट विजयी भए। उनले दुई सय ५१ मत पाए। महिला उपसचिवमा ढुंगाना पनि प्यानलकै गंगाकुमारी चौधरी विजयी भइन्। उनले एक सय ९६ मत प्राप्त गरिन्।

लाखौंका भेन्डिङ मेसिन प्रयोगविहीन

कालिकोट/ शुभकालिका गाउँपालिकाले आर्थिक वर्ष ०७९/८० मा छात्रालाई विद्यालयमा नियमित गराउने भन्दै पालिकाका पाँचवटा माध्यमिक विद्यालयमा सेनेटरी भेन्डिङ मेसिन जडान गरेको थियो। विद्यालयमै भेन्डिङ मेसिन जडान भएपछि छात्रा पनि खुसी भएका थिए। तर, त्यो खुसी धेरै दिन टिक्न सकेन। जडान गरेको दुई महिनामै ती मेसिन प्रयोगविहीन भए। १० लाख ८० हजार खर्चेर स्थापना गरिएका भेन्डिङ मेसिन अहिले प्रयोगविहीन बनेका छन्। गाउँपालिकाकी उपाध्यक्षले 'छात्रा शैक्षिक सुधार योजना'अन्तर्गत दुई लाख १६ हजारका दरले प्रत्येक भेन्डिङ मेसिन र कार्ड जडान गरेकी थिइन्। सरकारले हरेक सामुदायिक विद्यालयमा निःशुल्क सेनेटरी प्याड उपलब्ध गराउने घोषणा गरेको थियो। उक्त प्याड गाउँपालिकाले भेन्डिङ मेसिनमा राखेर महँगोमा बेचेको आरोप छ।

आजदेखि दादुरा-रुबेलाविरुद्ध खोप लगाइँदै

मकवानपुर/ आजदेखि दादुरा-रुबेलाविरुद्धको साताव्यापी खोप अभियानको सुरु भएको छ। यसक्रममा बागमती प्रदेशका १२ लाखभन्दा बढी बालबालिकालाई खोप लगाइनेछ। संघीय सरकारको निर्धारित कार्यक्रमअन्तर्गत बागमती प्रदेशका १३ जिल्लाका एक सय १९ वटै स्थानीय तहका १२ लाख ३० हजार ६ सय २२ बालबालिकालाई दादुरा-रुबेलाविरुद्धको खोप लगाउने लक्ष्य छ। सरकारको निर्देशनअनुसार प्रदेश र स्थानीय तहमा खोप अभियान सञ्चालन हुने स्वास्थ्य निर्देशनालय बागमती प्रदेश खोप फोकल पर्सन उत्तमराज प्याकुरेलले जानकारी दिए। उनले नियमित खोप तालिकाअनुसार खोप लगाउन छुटेका र लक्षित उमेर समूहका बालबालिकालाई दादुरा-रुबेला खोप लगाउने तयारी गरेको बताए। दादुरा र रुबेला रोगविरुद्ध प्रतिरोधात्मक क्षमता अभिवृद्धि गर्ने उद्देश्यले अभियान सञ्चालन गर्न लागिएको उनको भनाइ छ। एक साताको अभियानअन्तर्गत १३ देखि १९ फागुनसम्म खोप अभियान सञ्चालन हुने भनिए पनि केही जिल्ला र स्थानीय तहमा भने चैतसम्म खोप लगाइने प्याकुरेलले जानकारी दिए।

राष्ट्रिय वाणिज्य बैंकको खाताबाट एक करोड ३७ लाख चोरी, कर्मचारी पक्राउ

काठमाडौं/ राष्ट्रिय वाणिज्य बैंकको खाताबाट एक करोड ३७ लाख रुपैयाँ चोरी गर्ने बैंकका एक कर्मचारीलाई प्रहरीले पक्राउ गरेको छ। कोरियामा बस्दै आएका एक युवकको खाताबाट बैंकका कर्मचारी रोहितकुमार ओझाले रकम निकालेका हुन्। ओझा वाणिज्य बैंकको वीरगन्ज, पोखरिया शाखामा कार्यरत थिए। ३१ वर्षीय ओझा बैंकका कनिष्ट सहायक हुन्। प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले उनलाई पक्राउ गरी घटनाको विस्तृत अनुसन्धान गरिरहेको छ। ओझाले खाताबाट पैसा चोरी गरेको स्वीकार गरेका छन्। उनलाई नेपाल राष्ट्र बैंकअनुसार बैंकिङ कसुर मुद्दामा कारबाही अघि बढाइएको सिआइबीका प्रवक्ता एसपी होबीन्द्र बोगटीले बताए।

ग्राहकको नगद मौज्दात हेर्ने क्रममा ओझाले कोरियामा रहेका ती युवकको खाता नम्बर इन्ट्री गरेका थिए। सोहीक्रममा खातामा दुई करोड रुपैयाँभन्दा धेरै रकम देखे। लामो समयदेखि खातामा कारोबारसमेत नभएको देखेपछि उनले पैसा निकाल्ने योजना बनाए। त्यसका लागि कनेक्ट आइपिएसको दुरुपयोग गरेका हुन्। खातावालाको नागरिकताको फोटोकपीलगायत कागज बैंकबाटै निकालेर कनेक्ट आइपिएस अकाउन्ट बनाउने योजना बनाए।

खातावालाको हस्ताक्षर केवाइसीबाट कपी गरेर कनेक्ट आइपिएसका लागि निवेदन दिएका थिए। सोही आधारमा नयाँ मोबाइल नम्बरबाट कनेक्ट आइपिएस चलाएर बैंक खाताबाट विभिन्न खातामा रकम ट्रान्सभर गरेका हुन्। कोरियामा रहेका खाताधनीले धेरैपटक पैसा निकालिसकेपछि मात्र थाहा पाएका थिए।

दुईतले घर जलेर नष्ट, २८ जना विस्थापित

जुम्ला/ पातारासी गाउँपालिका-२, तल्फीगाउँमा आगलागी हुँदा दुईतले घर जलेर नष्ट भएको छ। घरमा आगलागी हुँदा जलेर नष्ट भएपछि ४१ लाखभन्दा बढीको क्षति भएको छ। घर नष्ट हुँदा एकै घरका २८ जना विस्थापित भएका छन्। शुक्रबार राति साढे ११ बजे अचानक आगलागी हुँदा घर जलेर नष्ट भएको वडाध्यक्ष बलबहादुर बोहराले बताए। उनका अनुसार कालसिंह सार्कीको ठूलो परिवार छ। उनको दुईतले घर जल्दा परिवारका २८ जना विस्थापित भएका छन्। आगलागीबाट मानवीय क्षति नभए पनि सबै अन्नपात, लत्ताकपडा, भाँडाकुँडा, गरगहना र महत्त्वपूर्ण सामान जलेर नष्ट भएको डिल्लीचौर प्रहरी चौकीका प्रहरी जवान डिल्ली नेपालीले बताए। आगलागीबाट ४१ लाख १५ हजारबराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय जुम्लाका प्रहरी निरीक्षक यमबहादुर बुढामगरले बताए। उनका अनुसार आगलागीको कारण खुल्न सकेको छैन। अनुसन्धान भइरहेको छ। पीडित परिवारलाई राहत तथा पुनर्स्थापनाका लागि पालिकाले चाँडै नै निर्णय गर्ने पातारासी गाउँपालिका अध्यक्ष पूर्णसिंह बोहराले बताए। 'आगलागी भएको घर एक मात्र भए पनि ठूलो क्षति भएको छ,' उनले भने, 'ठूलो परिवारलाई तत्काल पुनर्स्थापना गर्ने विषयमा छलफल गरी निर्णय गर्नेछौं।'

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

प्रकाशित मितिः २०८०/११/१३

तपसिलमा उल्लेखित ऋणीले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड (साबिक तिनाउ मिसन डेभलपमेन्ट बैंक लिमिटेड) को शाखा कार्यालय, धारापानी, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) बाट अधिबिकर्ष (overdraft) कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले यथाशीघ्र बैंकमा सम्पर्क गरी आफूले उपभोग गरेको ऋणकर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्रमा पनि ऋणकर्जा सुविधा बापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण बापत लेखिदिएको तपसिलमा उल्लेख भएको **"धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको सूचना"** प्रकाशित गरी लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरीलिने र प्रचलित नियम बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

साथै तपसिलमा उल्लेखित जमानीकर्ताहरुले स्वयम् बैंकमा उपस्थित भई जमानत दिने कागज गरिदिनु भएको हुँदा यहाँ जमानीकर्ताहरुले पनि उपरोक्त व्यहोरा अवगत गरी सूचनाको म्यादभित्र बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहुन अनुरोध गरिन्छ। अन्यथा बैंकको कर्जा रकम असुलउपर गर्नुका साथै तहाँलाई समेत कर्जा सूचना केन्द्र लिमिटेडमा नियमानुसार कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिल

कर्जा शिर्षक : व्यवसायिक अधिबिकर्ष (overdraft) कर्जा

ऋणीको नाम र ठेगाना

ऋणीको नाम :छिमेकी जक्सन होटेल

रजिष्ट्रेशन नं. : ५२२ (देवचुली नगरपालीका १२ नं. वडा कार्यलय नवलपरासी, (बर्दघाट सुस्ता पुर्व)

रजिष्टर्ड ठेगाना : देवचुली न.पा. वडा नं. १२, नवलपरासी, (बर्दघाट सुस्ता पुर्व)

पान न. : ६०३८६१५६५

प्रोप्राइटरको नाम र ठेगाना

नाम : बिर बहादुर दर्लामी
बाबु : बेल बहादुर दर्लामी
बाजे : जोहर सिंह दर्लामी
ठेगाना : प्रगतिनगर गा.बि.स. वडा नं.०७ नवलपरासी
हाल : देवचुली न.पा.१२, नवलपरासी
ना.प्र.नं. : १७०२९
जारी मिति : २०५७/०२/२४
जि.प्र.का. : नवलपरासी

जमानीकर्ताको नाम र ठेगाना

नाम : बुद्धि माया दर्लामी
बाबु : अमर बहादुर ठाडा
बाजे : सोमा ठाडा
ठेगाना : प्रगतिनगर गा.बि.स. वडा नं.०७ नवलपरासी
हाल : देवचुली न.पा.१२, नवलपरासी
ना.प्र.नं. : ई.४५५६४
जारी मिति : २०६२/०४/१०
जि.प्र.का. : नवलपरासी

धितो राखिएको सम्पतिको विवरणः

धितो सुरक्षण धनीको नामः– बिर बहादुर दर्लामी

जिल्ला	न.पा/गा.वि.स.	वडा नं/नक्सा सिट	कि.नं.	क्षेत्रफल (वि.क.धु)	कैफियत
नवलपरासी	प्रगतिनगर	७/७ग	२५६	०-०-१८	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत।

ऋणि **छिमेकी जक्सन होटेल**ले लिएको ऋणकर्जाको लागि माथि उल्लेखित अचल सम्पत्तिका अतिरिक्त यस बैंकलाई पठाएको मौज्दातको विवरण अनुसारको स्टक मौज्दात लगायत फर्मले उठाउन बाँकी सम्पूर्ण रकम कलम (Entire Receivables) सहित।

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

Citizens Bank

Global IME Bank Limited

Invitation for Bids for Supply of Visa Contactless cards to Global IME Bank Limited

Date of Publication : 25th February, 2024

Global IME Bank Limited invites sealed bids from eligible bidders for the **Supply of Visa Contactless cards**.

1. Eligibility Criteria for the Bidders

a. The Bidder must be a firm/company/organization registered under applicable Act in Nepal.
b. The bidder should have experience of supplying similar product and services in at least 3 banks and financial institutions.

2. A complete set of Bidding Documents can be purchased from Global IME Bank Limited, General Service Department, Kamaladi Kathmandu by eligible Bidders upon payment of a non-refundable fee of NPR 2,000.00 [NPR Two Thousand Only] till 1:30 pm on 01 March, 2024. Cash should be deposited in Account No.: 002610524002 (Earnest Money Deposit).
3. Sealed bids must be submitted to Global IME Bank Limited, General Service Department, Kamaladi Kathmandu by hand/courier on or before till 5:30 pm on 03 March, 2024. Bids received after this deadline will not be accepted.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 11:30 a.m on 04 March, 2024 at Global IME Bank Limited, Corporate office.
5. Bids must be valid for a period of 90 Days from the date of bid opening and must be accompanied by a bid bond or cash deposit voucher amounting to a minimum of 5% of the Bid Amount.
6. If the last date of purchasing and /or submission falls on a public holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Eligible Bidders may obtain further information from Global IME Bank Limited, General Service Department, Kamaladi, and Kathmandu.
8. The Bank reserves the right to reject any or all bids without assigning any reasons whatsoever.

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

Registered/Corporate Office
Tel: 01-4228671/4226247
Global Connect: 01-5970600
[ICRANP-IR] A Rated

मुख्य दलहरूलाई अस्तित्वरक्षाको हाँक

सांगठनिक कमजोरी, नेतृत्वको असफलता, गतिशीलताको कमी र आकर्षणको अभावले पुराना दल अस्तित्वरक्षाको चुनौतीमा देखिन्छन्



● लोकराज बराल

अग्रलेख



लाग्छ, अब विस्तारै ठूला भनिएका दलको भविष्य ओझेल पर्नेछ र नयाँ-नयाँ आयाम राजनीतिक दलहरूमा थपिँदै जानेछन् । यसको संकेत गत निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी, तराईमा जनमत र पश्चिम क्षेत्रमा उदाएको रेशम चौधरीको राष्ट्रिय उन्मुक्ति पार्टीको चुनावी परिणामले देखाइसकेका छन् । काठमाडौंलगायत अन्य कतिपय नगरपालिकामा पनि नयाँ अनुहारको उदयले अब यथास्थितिमा रहेका नेपाली कांग्रेस, नेकपा (एमाले), माओवादी केन्द्र, मधेशका अन्य पुराना दललगायतलाई झड्का त लाग्ने नै छ । यसका साथसाथै, उनीहरूसामु अस्तित्वरक्षाको हाँक पनि झन्झन् बढ्नेछ । यसका धेरै कारणमध्ये सांगठनिक कमजोरी, नेतृत्वको असफलता, गतिशीलताको कमी, आकर्षणको अभाव र समयअनुसार रूपान्तरण गर्न नसक्ने लक्षण । दोस्रो महत्त्वपूर्ण कारण जनताको खस्किँदो विश्वास र वैकल्पिक शक्तिको खोज पनि दलहरूको अतित्वरक्षाका लागि हाँक हो । जसको लक्षण चुनाव परिणामले पनि दिएका छन् । सरकारमा बसे पनि नबसे पनि जनआकांक्षाअनुरूप न्यूनतम काम गर्न नसक्दा अब नेताका भाषणमा जनविश्वास हराउन थालेको छ । यसमा अब कोही पनि अपवाद छैनन् । हालका प्रधानमन्त्रीले केही गर्लान् कि भन्ने आस पनि मर्दै गएको आभास जनतामा पाइन थालेको छ । माओवादी अध्यक्ष तथा प्रधानमन्त्री प्रचण्डमा आफ्ना अप्ठ्यारा ख्यालै नगरी धेरै घोषणा पहिल्यै गर्ने बानी परेकाले उनका बोली पनि ओसिएको बारुदजस्तो भइरहेको छ । भर्खरै मात्र साधारण विश्वविद्यालयको एक उपकुलपति भर्ना गर्नसमेत हम्मेहम्मे परेको जगजाहेर छ ।

यसैबीच राष्ट्रिय स्वतन्त्र पार्टीका उपाध्यक्ष तथा अर्थविद् डा. स्वर्णिम वाग्लेको एक विचार सार्वजनिक भएको छ । उनका विचारमा उनको पार्टीको एकाएक (मेटेरियोक) उदय तीन कारणले भएको हो र भविष्यमा यिनै आधारमा उनको दल एक नम्बरमा आउने उनले भविष्यवाणी नै गरेका छन् । ती तीन आधार हुन्- जनसंख्या (डेमोग्राफी, डिजिटलाइजेसन (यान्त्रिक उपकरण) र बाहिर रहेका जनसंख्या (डायसफोरा) । एक दलका नेताका भनाइका रूपमा यी आधारलाई तिरस्कार गर्न सकिँदैन, किनभने यी आधारमा उनको र अन्य नयाँ दल वा व्यक्तिले जित्ने बताइएको छ । नेपालको जनसंख्याको अधिकांश हिस्सा युवा भएकाले अब परम्परामा आधारित जनाधारले मात्र दलहरूको भविष्य तय गर्न नसकिने भएको छ । यस्ता युवालाई नयाँ अनुहार चाहिएको छ, चाहे सिद्धान्त गौण नै किन नहोस् । सिद्धान्तका दृष्टिले पनि यी नयाँ दल प्रस्ट हुन थालेका छन् । स्वतन्त्र पार्टीले देशमा स्थापित गणतन्त्र र संविधानले तय गरेका अन्य सिद्धान्तप्रति प्रतिबद्ध भएको घोषणा गरेको छ । तर, यस दलको संघीयतामाथि प्रश्न छ । अहिलेकै जस्तो नाम मात्रको संघीयता कि यसमा सुधार गरी सच्याई अघि बढ्ने ? यदि यस दलले आफ्नो सिद्धान्तनिष्ठ राजनीति गऱ्यो वा अन्य पुराना दलका कमी-कमजोरीबाट पाठ सिकी स्वच्छ छवि राख्यो भने उसले जनतामा विश्वास जगाउन सक्छ । आर्थिक, सामाजिक रूपान्तरणतिर आक्रामक रूपमा अघि बढे उसले आफ्नो लक्ष्य हासिल गर्ने सम्भावना धेरै छ । उसको प्रगतिको सोझो असर कांग्रेसलाई पर्नेछ किनभने रास्वपा मध्यममार्गी धार र लोकतन्त्रप्रतिको प्रतिबद्धता तथा नयाँपनको अनुभूतिले जनताले उसलाई एक वैकल्पिक दलका रूपमा पाउनेछन् । यसको मतलब एमाले र अन्य पुराना भनिएका दलले एकनाश त्यही वर्चस्व कायम गर्न सक्छन् भन्ने होइन । एमाले पनि अब धेरै ओलीमुखी भई यथास्थितिको राजनीतिमा रमाई नेता र दलको आकर्षणको नवीकरण हुन नसकेकाले यसको पनि एकैनासको जनाधार नरहने कुरा प्राकृतिक नियमसँग मेल खाने विषय हो । नेकांजति पनि यसका दोस्रो तहका नेतामा सोच र गतिशीलताको अभावले एमालेको कार्य क्षमता, नेतृत्वको आकर्षण घट्दै गई नयाँ युवापिँढीको खोजमा जनता लाग्नेछन् । युक्रेनका राष्ट्रपति जेलेन्स्की, फ्रान्सका वर्तमान राष्ट्रपति इम्यानुयल म्याक्रोँ, भारतका केजरीवाल, अर्जेन्टिनाका नयाँ राष्ट्रपति, इटलीकी प्रधानमन्त्री र अन्य कतिपय सरकार प्रमुख यस्तै छालबाट आएका हुन् । उनीहरूको सफलता असफलता पछि देखिने हो । टिक्न सके लामो समय राज गर्लान्, नसके फालिन्छन् । लोकतन्त्र र राजतन्त्रको भेद नै यही हो । राजतन्त्र वंशवादमा आधारित हुन्छ र योग्य, अयोग्य जे भए पनि राजाको छोरो अर्को राजा हुन्छ । त्यसमा राजाको सन्दर्भ अब हराएको छ, किनभने राजा सक्रिय हुनकै लागि यतिका गतिविधि गरेको भए पनि जनतालाई त्यो अमान्य छ । अब सक्रिय राजा भनेको तनाशाही स्वीकार गर्नु हो, जुन नेपाली जनताले फालिसकेका छन् । आलंकारिक राजा किन चाहियो ? त्यसको भूमिका निर्वाचित राष्ट्रपतिले निर्वाह गरेकै छन् ।

> अब पुराना र स्थापित भनिएका दलहरूलाई पुरानो भोटबैंकले मात्र प्रतिस्पर्धामा उत्रिन गाह्रो पर्छ । तीव्र गतिमा बदलिएको राजीतिक परिवेशमा त्यसैका बलमा मात्र टिक्न सजिलो छैन ।

जनता क्षमता, शासनमा स्वच्छता र नेताका दृढ विश्वाससाथ कार्य सम्पादनको क्षमता हेर्न चाहन्छन् । युवा हुनुका साथसाथै चिन्तनशील नेता भए झनै राम्रो । उमेरले मात्रै पनि राजनीतिमा गतिशीलता र अग्रगामी सोचका साथ रुपान्तरणका एजेन्डा अघि बढ्न सक्दैनन् । यदि युवाशक्ति परम्परावादी बढी र रुपान्तरणकारी कम भए भने त्यस्ता नेतालाई जनताले तिरस्कार गर्छन् । तर, आज अमेरिकाजस्तो देशमा पनि जो बाइडेन र डोनाल्ड ट्रम्पजस्ताले राजनीति रंग्याइरहेकै छन् । तर, ब्राजिलका राष्ट्रपति लुला सत्तरीको दशकका भए पनि फुर्तिलै देखिन्छन् । शारीरिक र मानसिक रूपमा ठीक भए पनि सोच भने यथास्थितिवादी भए त्यसको कुनै काम छैन । आजको चुनावका तरिकामा ठूलो परिवर्तन आएको छ । जसको सबभन्दा पछिल्लो उदाहरण पाकिस्तानमा भएको चुनाव परिणामले देखाएको छ । इमरान खानले जेलबाटै वाग्लेले भनेझैँ डिजिटलाइजेसनकै माध्यम प्रयोग गरी उनका दलका स्वतन्त्र भएर लडेका उम्मेदवार जिताई पहिलो दल बनाए । उनले जनतासित जेलको कोठाबाटै सोझो सम्पर्क स्थापित गरे । जनताले उनीमाथि अन्याय भएको, सेना र अन्य विरोधी दल मिली हराउने हत्कण्डा प्रयोग गरेको भन्ने धारणाले उनको पक्षमा यतिका मत आएको हो । यसलाई कतिपयले सेनामाथिको अविश्वास पनि भनेका छन् । यस्ता साधनको प्रयोगमा अभ्यस्त आजका युवा धेरै पर्छन् र उनीहरूको झुकाव अब पुराना दलका नेता वा उनले टीका लगाएका उम्मेदवारका पक्षमा जाँदैन । उनीहरूको यस्ता नेताले हाँकेका दलबाट केही उपलब्धि हासिल गर्न सकिँदैन भन्ने धारणा बन्दै गइरहेछ । ती दलको अस्तित्वरक्षा नयाँ नेतृत्व र अग्रगामी सोचले मात्र गर्न सक्छ ।

नेकां, एमाले, माओवादी र अन्य मधेशी दलको एजेन्डा हराउन थालेको छ, किनभने उनीहरूसित दल नवीकरण गर्ने योजना छैन । नेकांका दोस्रो तहका नेतामा केही समय पहिले देखिएको उत्साह र जनआशा सेलाउन थालेको र उनीहरू यथास्थितिवादी नेतृत्वको अक्षमतामा बिटुलिन थालेका छन् भन्ने आमबुझाइ बढिरहेको छ । के पनि सत्य हो भने नयाँ पिँढीका युवालाई अब काम र क्षमतामा बढी विश्वास छ, न कि सिद्धान्तमा । यो पनि आजका ठूला भनिएका दलका लागि चुनौती बनेर खडा भएको छ । अब लोकतन्त्रको जनमुखी चरित्र, अग्रगामी सोच, सैद्धान्तिक र कार्यक्षमतामा सक्कली रूप चाहिएको छ । जनताको समर्थन पाउन त्यहीअनुसारको नेताको छवि प्रस्तुत हुन सक्दा मात्र चुनावमा सफलता हासिल हुने परिस्थिति बन्न सक्छ ।

के नयाँ आएका दलबाट राजनीतिक रूपान्तरणको सम्भावना अरूको भन्दा बढी छ ? यस प्रश्नको उत्तर अहिले नै दिन सक्ने अवस्था छैन, किनभने उनीहरू यी तीन-चार वर्षमा आफ्ना मान्यता र क्षमतामा कति खरो उत्रिन सक्छन् । राष्ट्रिय स्वतन्त्र पार्टीका आजका सांसदको भूमिका हेरिँदा भने केही आस गर्ने ठाउँ रहन्छ । उनीहरूको सबैभन्दा बढी आर्जन भनेको हालसम्म कायम भएको चारित्रिक स्वच्छता, शैली र सिक्ने प्रवृत्ति हो । यस दलका नेता रवि लामिछाने वेलावेला विवादमा पर्ने गरेको र उनको चरित्रमा प्रश्न उठ्ने गरेको पाइए पनि यी सांसद हुनुपहिलेका घटनासित जोडिएका हुन्, जसको निदान भइसकेको छैन । अन्य भ्रष्टाचारका आरोप लागेको छैन । उनीबाहेक अरू सहकर्मी यथावत् छन् र तिनको संस्कार जनताले नियालिरहेका छन् । उनीहरूको गणतन्त्रप्रतिको समर्पण, कार्यदिशा, क्षमता, नम्रता आदिसँग उनीहरूको दलको उत्थान र पतन जोडिएको छ । अन्य साना दल, विशेषगरी केही नयाँ क्षेत्रीय पार्टीको अस्तित्व यकिन गर्न सकिँदैन । तर, मधेशका मुद्दा कुनै न कुनै रूपमा उठिरहने आधार धेरै भएकाले यस्ता मुद्दाले उनीहरूको भूमिका यकिन हुने भएको छ । उनीहरूले कसरी आफ्ना मुद्दा जीवित राखी नवीकरण गर्न सक्छन्, त्यो भविष्यले नै बताउला । नयाँ वा पुराना सबै दलको प्रमुख उद्देश्य र कार्यक्रम लोकतान्त्रिक गणतन्त्रलाई कसरी जनमुखी र प्रभावशाली बनाउने भन्नेतर्फ केन्द्रित हुनुपर्छ । यस उद्देश्य प्राप्तिका लागि चल्दै आएको औपचारिकता, अकर्मण्यता र भ्रष्टीकरण अन्त्य हुनुपर्छ । यसै परिवेशमा प्रतियोगितात्मक लोकतन्त्रको अभ्यास हुँदा सबैको हित हुन्छ । त्यसैले, नेताको शुद्धीकरण र क्षमता अति आवश्यक पक्ष भएका छन् । अब पुराना र स्थापित भनिएका दलहरूले पुरानो भोटब्यांकले मात्र प्रतिस्पर्धामा उत्रिन गाह्रो पर्छ । तीव्र गतिमा बदलिएको राजीतिक परिवेशमा त्यसैका बलमा मात्र टिक्न सजिलो छैन ।

---

३ प्रश्न

कांग्रेस नेता **गुरुराज घिमिरे**लाई



भर्खरै सम्पन्न कांग्रेस महासमिति बैठक कस्तो रह्यो ?

महासमितिमा विभिन्न विषय र प्रस्तावमा सौहार्दपूर्ण छलफल भयो । अधिकांश साथीले छलफलमा भाग लिने मौका पनि पाउनुभयो । तर, कतिपय विषयमा चाहिँ महासमिति परम्परागतजस्तो मात्र पनि भयो । महासमितिमा प्रस्तुत भएका र छलफलका क्रममा उठेका सबै विषयमा खुला छलफल गरेर निष्कर्षसहित निर्णय गर्नु महासमितिको सार्वभौम अधिकार हो । तर, कतिपय विषयमा केन्द्रीय समिति हाबी भएको देखियो । महासमितिबाट के निचोड निकाल्न खोजिएको थियो र के परिणाम निस्कियो भन्ने विषयमा जिम्मेवार व्यक्तिहरू त्यति सचेत भएजस्तो देखिएन ।

महासमितिपछिको कांग्रेसमा कुनै ताजगी देख्न सकिएला त ?

नेतृत्वको सोच, काम गर्ने शैली र परिपाटीमा सुधार भयो र आफ्ना कमी कमजोरी सुधार्न उनीहरू इमानदार भए भने त्यसले पार्टीमा ताजगी ल्याउन सक्छ । तर, मेरो गोरुको बाह्रै टक्का भनेझैँ पुरानै ढर्राबाट टसमस नहुने हो भने यसले पार्टीमा कुनै उत्साह भर्न सक्दैन । नेतृत्वको व्यवहार र उसले ल्याउने कार्यक्रमले पार्टी पंक्तिमा उत्साह भर्न सकिएन भने पार्टीले गति लिन सक्दैन ।

महासमितिमा गठबन्धनबारे चर्को बहस भयो । गठबन्धनको भविष्य के होला ?

अहिलेको सत्ता गठबन्धन कायम रहँदा कुनै आपत्ति छैन । किनकि, अहिलेका लागि गठबन्धनको विकल्प छैन । यसो भनिरहँदा पनि गठबन्धनमा रहेका दल र सत्तामा रहेका नेताहरू सुधिन भने आवश्यक छ । तर, अहिलेलाई गठबन्धन आवश्यक छ भन्दै गर्दा निर्वाचनमा भने गठबन्धन गर्नैं हुँदैन भन्ने महासमितिको प्रस्ट आदेश छ । यसमा नेतृत्वले किन्तु, परन्तु गर्न पाउँदैन ।

प्रेरक प्रसंग

भित्ताका प्वाल

एक बालक अत्यन्त रिसाहा थिए । उनी छिनछिनमै रिसाइरहन्थे । एक दिन उनका पिताले फलामे किलाको एउटा थैलो दिँदै भने- बाबु, तिमीलाई दिनमा जतिपटक रिस उठ्छ, त्यति नै पटक यो थैलाबाट निकालेर एउटा किला यो भित्तोमा ठोकिदिनू ।



बालक पहिलो दिन ४० पटक रिसाए र उनले ४० वटै किला भित्तामा ठोकिदिए । दिनदिनै किला ठोक्दै जाँदा किलाको संख्या घट्दै गयो । उनलाई किला ठोक्न यति धेरै मिहिनेत गर्नुभन्दा रिसमाथि नियन्त्रण गर्नु ठीक लाग्न थाल्यो । पछिल्लो सातामा उनले आफ्नो रिसमाथि केही हदसम्म नियन्त्रण राख्न सिके । यस्तो हुँदै जाँदा यस्तो दिन पनि आयो, जुन दिन बालकले एउटै किला पनि भित्तामा ठोक्नुपरेन । बालकले यसबारे आफ्ना पितालाई बताए । पिताले उनलाई पुनः अर्को काम दिए । उनले भने- अब तिमी जुन दिन एकपटक पनि रिसाउँदैनौ, त्यस दिन यस भित्ताबाट एउटा किला निकाल्ने गर । बालकले यसै गरे । धेरै दिनपछि उनले भित्ताका सबै किला निकाली भ्याए । त्यसपछि उनले खुसी हुँदै पितालाई यो कुरा सुनाए । छोराको कुरा सुनेपछि पिताले उनलाई सोही भित्तोनजिक लगे र भने- बाबु, तिमीले निकै राम्रो काम गऱ्यौ । तर, के तिमी यो पर्खालमा किलाले पारेका प्वाल देखिरहेका छौ ? अब यो पर्खाल पहिलजस्तो बन्न सक्दैन । यसका लागि हामीले धेरै मिहिनेत गर्नुपर्छ । जब तिमी रिसाउँछौ, त्यतिखेर रिसमा निस्कने शब्द र विचारले पनि तिम्रो व्यक्तित्वमाथि गहिरो घाउ बनाउँछन् । ती घाउ सजिलै निको हुन सक्दैनन् । त्यसैले, फेरिफेरि रिस उठ्दा यो सत्य जहिल्यै मनन गर्नू ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

किन पुग्दैन कोरम ?

कोरम नपुगेर संसद् प्रभावित भएको खबर सुन्दा हामीले कति गलत व्यक्तिलाई चुनेर संसद्मा पठाएछौँ नि भनेर दुःख लाग्यो । संसद्मा बसेर छलफल गरी देशका लागि आवश्यक नीति, नियम र कानुन बनाउने जिम्मेवारी बोकेर त्यसैका लागि मोटो तलब भत्ता पचाउने सांसद संसद् भवनमा उपस्थित नै हुँदैन भने उसलाई किन देशले पाल्नुपर्ने हो ? के तिनलाई लाजसरम भन्ने कुरा हुँदै रहेनछ ? संसद्मा हाजिर गरेर काम गर्नका लागि तलब, भत्ता थाप्ने मान्छेले बैठकको सामान्य कोरमसमेत नपुग्ने अवस्था आउँदा पनि लाज नमान्नु राष्ट्रिय लज्जाको विषय हो । अर्को चुनावमा यस्ता गलत सांसदलाई आफ्नो मतमार्फत पाहा पछारेझैँ पछारौँ ।

● **बलराम यादव**, थानकोट, काठमाडौं

सांसदको हाजिरी हेरौँ

सामान्यतः कुनै पनि तहको परीक्षा दिन योग्य हुन तोकिएको प्रतिशत हाजिरी पुगेकै हुनुपर्छ । अर्थात्, निश्चित दिन विद्यालय या क्याम्पसमा उपस्थित नहुने विद्यार्थीले परीक्षा दिन पाउँदैन । ठीक त्यसैगरी अबका दिनमा आफू सांसद हुँदाको कार्यकालमा निश्चित प्रतिशत हाजिर नपुग्ने या तोकिएअनुसार संसद्मा न्यूनतम दिन उपस्थित नहुने सांसद अर्कोपटकको निर्वाचनमा उम्मेवार हुन स्वतः अयोग्य ठहरिने व्यवस्था मिलाउनुपर्छ । अन्यथा, संसद् सदस्य भएको नाताले देशको ढुकुटीबाट तलब भत्ता खाने अधिकार कसैलाई पनि छैन ।

● **सवनम पाण्डे**
अनामनगर, काठमाडौं

महानगर किन हतार गर्दै छ ?

ललितानिवास क्षेत्रको विवादबारे विशेष अदालतले फैसला दिनासाथ त्यसको पूर्ण पाठसमेत नपर्खी काठमाडौं महानगरपालिकाले सो विवादित क्षेत्र खाली गराउन सूचना जारी गरेको सुन्दा यस प्रकरणमा महानगरले हतारो गरेको देखिएको छ । फेरि सो क्षेत्रको जग्गा स्थानीय सरकारमातहत नभई संघीय सरकारमातहत रहने कानुनी व्यवस्था रहेछ । यदि यस्तो व्यवस्था छ भने महानगरले यस विषयमा बेकारमा किन हतार गर्दै छ ? महानगरले जे गर्छ, त्यो कानुनको मातहतमा रहेर गरोस् । हतारमा निर्णय गरेर पछि हट्न नपरोस् ।

● **गोमा गदाल**
सामाखुसी, काठमाडौं

महासमिति ठूलो कि केन्द्रीय समिति ?

देशको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसको महासमिति बैठक विनानिर्णय टुंगिएको छ । कांग्रेसको महासमितिमा देशभरबाट २३ सय ७३ प्रतिनिधिले भाग लिएको र तीमध्ये ६ सय ५१ ले निर्वाचनपूर्व गठबन्धन गर्ने कि नगर्ने भन्ने विषयमा बोलेको भनेर कांग्रेस प्रचार विभागप्रमुख मीन विश्वकर्माले जानकारी दिएका छन् । तर, उनले 'प्रि-इलेक्सन' गठबन्धनबारे महासमितिको निर्णय के आयो भन्नेबारे भने पत्रकार सम्मेलनमा बताउन सकेनन् । उनले महासमिति बैठकमा व्यक्त भावनालाई केन्द्रीय कार्य समितिमा छलफल भई परिमार्जन गरिने र त्यसैलाई महासमितिको निर्णय मानिने बताए ।

के केन्द्रीय कार्यसमिति महासमितिभन्दा पनि ठूलो र शक्तिशाली हो ? परिमार्जनका नाउँमा महासमितिको निर्णयलाई व्याख्या, अपव्याख्या गर्ने अधिकार केन्द्रीय कार्यसमितिलाई हुन्छ ? यस प्रकरणमा महामन्त्री गगन थापा चुकेका छन् । गगनको प्रस्तावलाई बैठक हलमा उठेको ठूलो ध्वनिले समर्थन गरेको थियो । उनले कांग्रेस आफ्नै तागतमा एक्लै चुनाव लड्छ र कांग्रेसको भोट रुखमा मात्र खस्नेछ भनेर दिएको प्रस्तावमा कुनै पनि कांग्रेसीले विमति राख्ने ठाउँ नै छैन । यसर्थ उनले त्यो प्रस्तावको निर्णय माहासमिति बैठकमै हुनुपर्छ, सहमति नभए मतदान गरेर भए पनि टुंग्याउनुपर्छ, केन्द्रीय समितिमा लानु उल्टो बाटो हुन्छ भनेर अडान लिनुपर्थ्यो । तर, गगनले अडान लिन नसकेका हुन् कि बहुमतको आड र त्रासमा गगनलाई देउवा समूहले चिप्ल्याएको हो ?

● **गोपाल देवकोटा**, गोकर्णेश्वर-८, काठमाडौं
gopaldevkota@gmail.com

जुलियन असान्जको सुनुवाइ : लोकतन्त्रको अवसान

जुलियन असान्जलाई दिइने सजाय र यातनाले अमेरिकाको बचेखुचेको लोकतन्त्र र न्यायको पनि मृत्यु हुनेछ



देश / विदेश

● बेलेन फर्नान्डेज

जुन २०२२ मा जब अमेरिकाले रुसी मिडियामाथि रोक लगाउने निर्णय गरेको थियो, तब रुसी विदेश मन्त्रालयले अमेरिकी मिडियाविरुद्ध 'कडा पहलकदमी' लिने घोषणा गरेको थियो । रुसी जवाफी निर्णयपछि अमेरिकी विदेश मन्त्रालयले क्रुद्ध हुँदै क्रेमलिनले 'मिडिया स्वतन्त्रता, सूचनाको पहुँच र सत्यमाथि पूर्ण आक्रमण गरेको' जनाएको थियो ।

यस्तो किसिमको पाखण्ड नौलो भने होइन । विश्वकै स्वघोषित यो महानतम लोकतन्त्रका लागि आधारभूत अधिकार र स्वतन्त्रता शत्रु तप्काले मात्रै मान्नुपर्छ । यो लज्जास्पद दोहोरो मापदण्ड भएकै कारण अमेरिका क्युबाका राजनीतिक बन्दीबारे कोकोहोलो मच्चाउँछ, तर सोही समयमा अमेरिकाले क्युबाको भूमिमा अवैधानिक कारागार बनाएको छ । यो त्यही अमेरिका हो, जो चीनलाई 'जासुसी बेलुन' अमेरिकातर्फ उडाएको आरोप लगाउँछ, तर आफू भने चीन र सारा विश्वको निगरानी गर्न खोज्छ । यही २१ फेब्रुअरी बुधबारका दिन विकिलिक्सका संस्थापक जुलियन असान्जले अमेरिकामा हुन सक्ने सुपर्दगीबाट जोगिन अन्तिम कानुनी प्रयास गरेका छन् । अहिले अमेरिकामा 'मिडिया स्वतन्त्रता, सूचनाको पहुँच र सत्यमाथि पूर्ण आक्रमण' भइरहेको छ । यदि अस्ट्रेलियाली मूलका असान्जको सुपर्दगी हुन्छ भने उनलाई जासुसीको आरोपमा एक सय ७५ वर्षसम्मको जेल सजाय हुनेछ । यो जेल सजाय त्यो मुलुकले गर्नेछ, जसले ऐतिहासिक रूपमा आफ्नै नागरिकमाथि अवैधानिक ढंगले जासुसी गर्दै आएको छ । वास्तवमा असान्जको एक मात्र 'अपराध' भनेको विकिलिक्सको प्रयोग गरेर अमेरिकी सैन्य अपराधको खुलासा गर्नु थियो ।

उदाहरणका लागि सन् २०१० मा उनले विकिलिक्सका माध्यमबाट कुख्यात 'कोल्याटरल मर्डर'को भिडियोको खुलासा गरेका थिए । सो भिडियो फुटेज सन् २००७ को हो, जहाँ बगदादमा हेलिकोप्टरमा रहेका अमेरिकी सेनाले एक दर्जनभन्दा बढी मानिसको हत्या गरेका थिए । हत्या गर्ने सेनाले आफ्नो अनुहार लुकाएकासमेत थिएनन् । हत्या गरिएका इराकीमा रोयटर्स समाचार एजेन्सीका दुईजना कर्मचारी पनि थिए । मिडिया स्वतन्त्रतामाथि हुने आक्रमणबारे अब गरौँ कुरा !

अमेरिका असान्जले विकिलिक्सबाट यस्ता सामग्री प्रकाशित गरेर उनले सक्रिय रूपमा इराक, अफगानिस्तान र अन्यत्रको जीवन संकटमा पारेको दाबी गर्छ । तर, मैले यसअघि भनेझैँ इराक, अफगानिस्तान र अन्यत्रका निर्दोष मानिसको ज्यान जोगाउन अमेरिकाले सुरुमै ती मुलुकमा आक्रमण गर्नु हुन्थेन । यो नै ती मुलुकका मानिसको ज्यान जोगाउने अचुक उपाय थियो । अमेरिकाले कैयौँ मुलुकमा कैयौँ आममानिसको हत्या गरेको छ र यो निःसन्देह सबैले स्विकारेको तथ्य हो । यद्यपि अमेरिकाको आधिकारिक भाष्यले यी हत्या कुनै खेल वा मनोरञ्जनका लागि नभई स्वतन्त्रता, लोकतन्त्र र अन्य महान् उद्देश्यका लागि भएका हुन् भन्ने दाबी गर्छ । यी हत्यालाई असान्जले खुलासा गरेको 'कोल्याटरल मर्डर'ले पुष्टि गर्छ । यस अवस्थामा गोपनीयता भंग भएको ठूलै नाटक र जुलियन असान्जको अति-दानवीकरण किन ? आखिरमा अमेरिकाले आफ्नो विश्वव्यापी परोपकारको मुखौटोलाई अत्यधिक वा पूर्ण रूपमा कमजोर पार्न सक्दैन । यदि धेरै पारदर्शिता र सत्यता झल्किन्छ भने यसले अमेरिकाको विश्वभर अराजकता मच्चाउने कार्यको औचित्यमाथि प्रश्न खडा गर्छ । अन्तिम परिणाम जेसुकै आए पनि असान्जविरुद्ध लामो समयदेखि अमेरिकाले छेडेको युद्धले प्रेस स्वतन्त्रता र अन्य अधिकारमाथि खतरनाक नजिर स्थापित गरेको छ ।



तस्बिर : किन चुएङ/एपी

असान्जमाथि भएको शारीरिक एवं मानसिक यातनाले अन्य प्रकाशक एवं पत्रकारलाई सत्य पछ्याउने अपराध गर्नबाट रोक्नेछ । नरोकोस् पनि किन ? अमेरिकाले सत्यको खोजीलाई नै अपराध बनाइसकेको छ । यही अपराधको सजायका लागि दक्षिणपूर्वी लन्डनको बेल्मार्स जेलमा पाँच वर्षयता असान्जलाई राखिएको छ । यस अर्थमा बेलायती सरकारले असान्जलाई सिध्याउने अमेरिकाको लामो समयदेखिको युद्धमा सघाएको छ । सन् २०१९ मा असान्ज गिरफ्तारीमा परेर थुनिएपछिको केही समयमा यातनासम्बन्धी राष्ट्रसंघका विशेष विज्ञ निल्स मेल्जरले असान्जको जीवन जोखिममा भएको चेतावनी दिएका थिए । उनका अनुसार असान्जमा 'लामो समयसम्म मनोवैज्ञानिक यातना पाउने विशिष्ट लक्षण' रहेको जनाएका थिए । ग्लास्गो विश्वविद्यालयका अन्तर्राष्ट्रिय कानुनका प्राध्यापकसमेत रहेका मेल्जरले त्यसवेला 'अमेरिकी सरकारले असान्जलाई यातना र हत्याजस्ता गम्भीर मानवअधिकार उल्लंघनको सूचना प्रकाशित गरेका कारण सजाय दिइरहँदा असान्जले खुलासा गरेको अपराधका अपराधीले उन्मुक्ति पाउनेछन्,' भनेका थिए । मेल्जरलाई पनि जेल हाल्लुपर्ने हो कि के हो ?

जसै सुपुर्दगीविरुद्धको संघर्ष नजिकिँदै छ, अमेरिकाले असान्जको हत्या गर्न सक्छ । असान्जकी श्रीमती स्टेला असान्जले हालै पत्रकारलाई 'यदि उनको सुपुर्दगी हुन्छ भने उनको मृत्यु हुनेछ' भनेकी थिइन् । जुलियन असान्जलाई दिइने सजाय र यातनाले अमेरिकाको बचेखुचेको लोकतन्त्र र न्यायको पनि मृत्यु हुनेछ । स्मरण रहोस्, अमेरिकाको संविधानले वाक् एवं प्रेस स्वतन्त्रताको प्रत्याभूति गरेको छ ।

असान्जको मामिलाको निष्कर्ष निस्किन बाँकी छँदै अन्याय भइसकेको छ, किनभने असान्जको मुद्दाको सुनुवाइलाई अमेरिकी कर्पोरेट मिडियाले खासै ठाउँ दिएका थिएनन् । यसैकारण नेसनल सेक्युरिटी एजेन्सी (एनएसए) का मुखबिर एडवार्ड स्नोडेनले असान्जको मुद्दालाई 'विश्वकै सबैभन्दा महत्त्वपूर्ण प्रेस स्वतन्त्रताको मुद्दा'को संज्ञा दिएका छन् । अर्को भाषामा भन्ने हो भने असान्जको मुद्दाको सुनुवाइ नै मुख्य समाचार हुनुपर्थ्यो । तर, समाचार लुकाउनु भनेको समाचारको हत्या गर्नु हो । यस अर्थमा असान्जको हत्या भइसकेको छ ।

(फर्नान्डेज लेखक एवं स्तम्भकार हुन्)
अल जजिराबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

■ रुस-युक्रेन युद्ध तेस्रो वर्षमा

युक्रेन झनै रक्षात्मक युद्धसँग अभ्यस्त बन्दै सर्वसाधारण

सन् २०२३ को प्रत्याक्रमण असफल भएपछि युक्रेनले ठूलो धक्का खाएको छ

एजेन्सी / शनिबार रुसले युक्रेनमाथि आक्रमण गरेको दुई वर्ष पूरा भएको छ। पश्चिमा सहायताको अभावका कारण यो वर्ष युक्रेन कमजोर देखियो भने रुस उत्साहित भएको छ। रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले सन् २०२२ को फेब्रुअरी २४ मा बिहानै 'विशेष सैन्य अभियान'को घोषणा गर्दा धेरैले केही दिनभित्रै मस्कोले युक्रेनविरुद्ध विजय गर्ने अनुमान गरेका थिए। तर, युक्रेनले अहिलेसम्म रुसी आक्रमणको प्रतिकार गर्दै कतिपय स्थानबाट रुसी सेनालाइ भगाएको छ।

युक्रेनले सन् २०२३ को प्रत्याक्रमण असफल भएपछि धक्का खाएको छ। आफ्ना सहयोगीले युद्धका लागि प्रतिबद्धता गरेअनुसारको हतियार र आर्थिक सहयोगको अभावका कारण प्रत्याक्रमण असफल भएको रुस-युक्रेन युद्धबारे नजिकबाट जानकारी राख्ने विश्लेषकहरूले बताएका छन्।

तोपखाना र हवाई प्रतिरक्षाका लागि पश्चिमी-आपूर्ति गरिएको गोलाबारुदको यथेष्ट आपूर्ति नहुँदा रुस सुस्त गतिमा रक्षात्मक लडाइँ लडिरहेको छ। राष्ट्रपति भ्लोदिमिर जेलेन्स्कीले हतियार आपूर्तिसम्बन्धी निर्णय 'प्राथमिकता' हुनुपर्ने बताएका छन्। युरोपेली आयोगकी प्रमुख उर्सुला भोन डेर लेयेनलगायत पश्चिमा नेताहरूले युक्रेनको 'असाधारण प्रतिरोध'को प्रशंसा गर्दै शनिबार किभ पुगेका छन्।

तर, अमेरिकी कंग्रेसले ६० अर्ब अमेरिकी डलरको सहायता कार्यक्रम रोकेपछि युक्रेनका लागि समग्र तस्बिर अन्धकारमय बनेको छ। यो प्रतिज्ञा गरिएको सहयोगको आपूर्तिको ढिलाइको शीर्ष स्थानमा आएको छ।



तस्बिर : गेटी इमेज

■ ठूलो मानवीय क्षति

युद्धमा कुनै पनि पक्षले आफ्नो तर्फ भएका क्षतिको विश्वसनीय विवरण सार्वजनिक गरेका छैनन्। तथापि, दुवै पक्षले एक-अर्कालाई ठूलो क्षति पुऱ्याएको दाबी गरेका छन्। अगस्ट २०२३ मा द न्युयोर्क टाइम्सले अमेरिकी अधिकारीलाई उद्धृत गर्दै युक्रेनमा ७० हजारको मृत्यु र एक लाखदेखि एक लाख २० हजारसम्म घाइते भएको उल्लेख गरेको थियो। गत डिसेम्बरमा सार्वजनिक भएको अमेरिकी गुप्तचर निकायले तीन लाख १५ हजार रुसी सैनिक मारिएको वा घाइते भएको संकेत गरेको थियो। रुसी रक्षामन्त्री सेर्गेई सोइगुले युक्रेनमा मस्कोको सेनासँग हालै भेटेको र सेनाको अनुपातका आधारमा फाइदा आफ्नो पक्षमा रहेको बताए।

■ युद्ध बन्दै छ दैनिकी

रुसले पूर्वमा कडा आक्रमण गरिरहेको छ। एकसाताअघि रुसी सेनाले दोनेतस्कनजिकैको अभ्दाइभ्का सहर कब्जा गरेको छ। पोल्यान्डका किसानहरूको सीमा नाकाबन्दीले पनि युक्रेनको अर्थव्यवस्थामा असर पारेको छ। यसले किभको निर्यातलाई खतरामा पारेको र हतियारको आपूर्ति रोकेको छ। किभमा मनोदशा डरलाग्दो छ, तथापि युक्रेनी भने युद्धसँग अभ्यस्त भइरहेका छन्। 'युक्रेनका महिला, हाम्रा पतिहरू, छोराछोरी र बुबाहरूका लागि यो हृदयको पीडा हो,' किभका पोषणविद् ओल्गा बायर्कोले भने। उनले भने, 'म वास्तवमा यो जतिसक्दो चाँडो अन्त्य होस् भन्छु', अठ्तीस वर्षीय व्यवसायी युरी पासिच्चिकले एएफपीसँग भने, 'युक्रेनीहरूले यससँग बाँच्न सिकेका छन्। युद्ध हाम्रो दैनिकी भएको छ।'

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/११/१३ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

शाखा कार्यालय : धरान, सुनसरी

१. ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, विराटनगर, मोरङमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम मिति २०७५/१२/१८ रत्नमार्गमा दर्ता नं. ३२०९३/०७५/७६ कायम भई दर्ता भएको सुनसरी जिल्ला, धरान उप महानगरपालिका वडा नं. १८ स्थित **ईनोमेटिम ट्रेड एण्ड सप्लायर्स**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. पुर्ण प्रसाद सिवाकोटीको बुहारी, शुनिल सिवाकोटीको पत्नी, मोरङ जिल्ला, इन्द्रपुर गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **अञ्जना अधिकारी (ना.प्र.प.नं. ०५३००५/७०-७२६६, मोरङ)**

२. केवली प्रसाद सिवाकोटीको नाति, पुर्ण प्रसाद सिवाकोटीको छोरा, मोरङ जिल्ला, दर्वेशा गा.वि.स./न.पा. वडा नं. ९, स्थित स्थायी ठेगाना भएको **शुनिल सिवाकोटी (ना.प्र.प.नं. १६४१८/३००३, मोरङ)**

३. दिवाकर सिवाकोटीको नाति, केवली प्रसाद सिवाकोटीको छोरा, मोरङ जिल्ला, दर्वेशा गा.वि.स./न.पा. वडा नं. ९, स्थित स्थायी ठेगाना भएको **पुर्ण प्रसाद सिवाकोटी (ना.प्र.प.नं. २०६४९, मोरङ)**

४. केवली प्रसाद सिवाकोटीको बुहारी, पुर्ण प्रसाद सिवाकोटी पत्नी, मोरङ जिल्ला, दर्वेशा गा.वि.स./न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **कमला देवी सीवाकोटी (ना.प्र.प.नं. २५, मोरङ)**

२. ऋणीको विवरण

प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, इटहरी, सुनसरीमा निजि तथा साझेदारी फर्म दर्ता ऐन, २०७० बमोजिम मिति २०७७/०७/१७ मा दर्ता नं. १६२८३/०७७/०७८ कायम भई दर्ता भएको सुनसरी जिल्ला, धरान उप महानगरपालिका वडा नं. १५ स्थित **रोयल सेकुवा कर्नर**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. मंगल सिं. देवानको बुहारी, डिल्ली राम देवानको पत्नी, धनकुटा जिल्ला, भेडेटार गा.वि.स./न.पा वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **उमा देवी सुब्बा लिम्बु (ना.प्र.प.नं. १८६०, धनकुटा)**

२. आश कर्ण देवानको नाति, मंगल सिं. देवानको छोरा, धनकुटा जिल्ला, डाँडाबजार गा.वि.स वडा नं. २ स्थित स्थायी ठेगाना भएको **डिल्ली राम देवान (ना.प्र.प.नं. २०७३१, धनकुटा)**

३. ऋणीको विवरण

रत्न बहादुर मोक्तानको नाति, श्री प्रसाद मोक्तानको छोरा, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १५ स्थित स्थायी ठेगाना भएको **कुमार बहादुर मोक्तान (ना.प्र.प.नं.८७४३, सुनसरी)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. श्री प्रसाद मोक्तानको बुहारी, कुमार बहादुर मोक्तानको पत्नी, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १५ स्थित स्थायी ठेगाना भएको **कोपिला मोक्तान (ना.प्र.प.नं. ८२६५ /१३८५/०४४, सुनसरी)**

२. श्री प्रसाद मोक्तानको नाति, कुमार बहादुर मोक्तानको छोरा, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १५ स्थित स्थायी ठेगाना भएको **सम्राट मोक्तान (ना.प्र.प.नं. ०६-०२-७२-०१०७९, सुनसरी)**

३. श्री प्रसाद मोक्तानको नातिनी, कुमार बहादुर मोक्तानको छोरी, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १५ स्थित स्थायी ठेगाना भएको **शिखा मोक्तान (ना.प्र.प.नं. ०६-०२-७५-००८७१, सुनसरी)**

४. ऋणीको विवरण

कृष्ण भक्त ढकालको बुहारी, शिव विक्रम ढकालको पत्नी, सुनसरी जिल्ला, बराहक्षेत्र गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **पवित्रा बस्नेत (ना.प्र.प.नं. २०५७०/२२५७०, सुनसरी)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. कृष्ण भक्त ढकालको नातिनी, शिव विक्रम ढकालको छोरी, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १७ स्थित स्थायी ठेगाना भएको **सन्ध्या ढकाल (ना.प्र.प.नं. ०६-०२-७४-००९६०, सुनसरी)**

२. कृष्ण भक्त ढकालको नातिनी, शिव विक्रम ढकालको छोरी, सुनसरी जिल्ला, धरान उ.म.न.पा.वडा नं. १७ स्थित स्थायी ठेगाना भएको **सलिना ढकाल (ना.प्र.प.नं. ०६-०२-७३-०२४३७, सुनसरी)**

शाखा कार्यालय : भरतपुर, चितवन

ऋणीको विवरण

तिलाराम शर्माको नाति, नेत्र बहादुर के.सी.को छोरा, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा वडा नं. ९ स्थित स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा वडा नं. १३ बस्ने **श्री अनुज के.सी. (ना.प्र.प.नं. १६०३२०५७५, पर्सा)**

व्यक्तिगत जमानतकर्ताको विवरण

नेत्र बहादुर के.सी.को बुहारी, अनुज के.सी. को पत्नी, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा वडा नं. ९ स्थित स्थायी ठेगाना भई हाल चितवन जिल्ला, रत्ननगर न.पा वडा नं. १३ बस्ने **मनु के.सी. (ना.प्र.प.नं. १६०३२९१२०, पर्सा)**

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य आपुर्ति तथा अपभोक्ता संरक्षण विभाग, घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटमा प्रा.फ.र.नं. १००५०/८७० अन्तर्गत मिति २०७७/०८/२१ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम दर्ता भएको रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ६, स्थित **नितेश गाल्ला भण्डार** **प्रोप्राईटर तथा जमानीकर्ता: तेज नारायण ठाकुर** स्थायी ठेगाना : रौतहट जिल्ला, सखुअवा धमौरा गा.वि.स. वडा नं. ८ हालको ठेगाना : रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ६ बाबु : भिखारी ठाकुर लोहार बाजे : धनेश्वर ठाकुर

धितोको विवरण

१) धनेश्वर ठाकुरको नाति, भिखारी ठाकुर लोहारको छोरा, रौतहट जिल्ला, सखुअवा धमौरा गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ६ बस्ने तेज नारायण ठाकुरको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, सखुअवा धमौरा गा.वि.स. वडा नं. ८ (हाल वृन्दावन न.पा. वडा नं. ६) स्थित कित्ता नं. ३२०४ को क्षेत्रफल ०-०-१६-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चार्चिने सम्पूर्ण लिगालगापात समेत ।
२) ठागा ठाकुरको नाति, धनेश्वर ठाकुरको छोरा, रौतहट जिल्ला, सखुअवा धमौरा गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ६ बस्ने भिखारी ठाकुर लोहारको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, सखुअवा धमौरा गा.वि.स. वडा नं. ८ (हाल वृन्दावन न.पा. वडा नं. ६) स्थित कित्ता नं. ११७६ को क्षेत्रफल ०-०-१५ (विगाहा) को जग्गा र रौतहट जिल्ला, सखुअवा धमौरा गा.वि.स. वडा नं. ३ (हाल वृन्दावन न.पा. वडा नं. ७) स्थित कित्ता नं. ३७६, ३८४ र ३९८ को क्षेत्रफल क्रमश : ०-२-०, ०-२-० र ०-५-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चार्चिने सम्पूर्ण लिगालगापात समेत ।
३) ठागा ठाकुरको नाति, धनेश्वर ठाकुरको छोरा, रौतहट जिल्ला, सखुअवा धमौरा गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ६ बस्ने भिखारी ठाकुर लोहारको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, सखुअवा धमौरा गा.वि.स. वडा नं. ८ (हाल वृन्दावन न.पा. वडा नं. ६) स्थित कित्ता नं. ६०७/७ को क्षेत्रफल ०-१-१५ (विगाहा) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चार्चिने सम्पूर्ण लिगालगापात समेत ।
४) नितेश गाल्ला भण्डार को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) सुनिल कुमार ठाकुर	२) भिखारी ठाकुर लोहार	३) शिवकली देवी	४) रामस्वरुप ठाकुर लोहार
स्थायी ठेगाना : रौतहट जिल्ला, स. धमौरा गा.वि.स. वडा नं. ८ हालको ठेगाना: रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ६ बाबु : तेज नारायण ठाकुर बाजे : भिखारी ठाकुर लोहार	स्थायी ठेगाना : रौतहट जिल्ला, सखुअवा धमौरा गा.वि.स. वडा नं. ८ हालको ठेगाना: रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ६ बाबु : धनेश्वर ठाकुर बाजे : ठागा ठाकुर	स्थायी ठेगाना : रौतहट जिल्ला, स. धमौरा गा.वि.स. वडा नं. ८ हालको ठेगाना: रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ६ बाबु : योगेन्द्र ठाकुर लोहार ससुरा : भिखारी ठाकुर लोहार पति : तेजनारायण ठाकुर लोहार	स्थायी ठेगाना : रौतहट जिल्ला, स. धमौरा गा.वि.स. वडा नं. ८ हालको ठेगान: रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ६ बाबु : भिखारी ठाकुर लोहार बाजे : धनेश्वर ठाकुर

	ऋणीको विवरण
२)	१) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभागमा प्रा.फ.र.नं. २७६/०६४/०६५ अन्तर्गत मिति २०६५/०३/०४ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम दर्ता भएको पर्वत जिल्ला, शिवालय गा.वि.स. वडा नं. ६, स्थित **प्रकृति सप्लायर्स एण्ड हार्डवयर** **प्रोप्राईटर तथा जमानीकर्ता: भुवन रिजाल** ठेगाना : पर्वत जिल्ला, पांङ गा.वि.स. वडा नं. १ बाबु : ढाकाराम रिजाल बाजे : हरिदत्त रिजाल

जमानीकर्ताहरुको विवरण

१) शारदा शर्मा रिजाल	२) करुणा रिजाल
ठेगाना : पर्वत जिल्ला, पांङ गा.वि.स. वडा नं. १ बाबु : हरि प्रसाद सापकोटा ससुरा : ढाकाराम रिजाल पति : भुवन रिजाल	ठेगाना : पर्वत जिल्ला, कुश्मा न.पा. वडा नं. १ बाबु : भुवन रिजाल बाजे : ढाकाराम रिजाल

ऋणीको विवरण

२) भुवन रिजाल	तथा शारदा शर्मा रिजाल
ठेगाना : पर्वत जिल्ला, पांङ गा.वि.स. वडा नं. १ बाबु : ढाकाराम रिजाल बाजे : हरिदत्त रिजाल	ठेगाना : पर्वत जिल्ला, पांङ गा.वि.स. वडा नं. १ बाबु : हरि प्रसाद सापकोटा ससुरा : ढाकाराम रिजाल पति : भुवन रिजाल

धितोको विवरण

१) हरीदत्त रिजालको नाती, ढाकाराम रिजालको छोरा, पर्वत जिल्ला, पांङ गा.वि.स. वडा नं. १ बस्ने भुवन रिजालको नाममा मालपोत कार्यालय पर्वत, कुश्माको लगतमा दर्ता कायम रहेको पर्वत जिल्ला, शिवालय गा.वि.स वडा नं. ९ स्थित कित्ता नं. २८८३, २००३ र २००८ को क्षेत्रफल क्रमश: ०-२-२-०, ०-१-२-० र ०-६-३-३ (रोपनी) को जग्गा तथा पर्वत जिल्ला, शिवालय गा.वि.स वडा नं. १ स्थित कित्ता नं. २६६१ को क्षेत्रफल ५-०-०-० (रोपनी) को जग्गा तथा पर्वत जिल्ला, पाङ गा.वि.स वडा नं. १ स्थित कित्ता नं. १६५१ र २३०४ को क्षेत्रफल क्रमश: ०-४-१-० र ०-७-०-१ (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चार्चिने सम्पूर्ण लिगालगापात समेत ।
२) हरि प्रसाद सापकोटाको छोरी, ढाकाराम रिजालकी बुहारी, भुवन रिजालकी पत्नि, पर्वत जिल्ला, पांङ गा.वि.स. वडा नं. १ बस्ने शारदा शर्मा रिजालको नाममा मालपोत कार्यालय पर्वत, कुश्माको लगतमा दर्ता कायम रहेको पर्वत जिल्ला, शिवालय गा.वि.स वडा नं. ४ स्थित कित्ता नं. १२७७, २२३१ र २२३३ को क्षेत्रफल क्रमश: ०-३-२-१, ०-२-०-१ र ०-०-०-१ (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चार्चिने सम्पूर्ण लिगालगापात समेत ।
३) प्रकृति सप्लायर्स एण्ड हार्डवयर स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

ऋणीको विवरण

३)	१) प्रदेश सरकार, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग विकास समिति गण्डकी प्रदेश, दमौली, तनहुँमा प्रा.फ.र.नं. १९६१/०६९/०७० स्थानीय व्यापार अन्तर्गत मिति २०६७/०८/०१ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम दर्ता भएको तनहुँ जिल्ला, वन्दिपुर गा.पा. वडा नं. १ स्थित **एस टी मोवाइल सर्भिस सेन्टर** **प्रोप्राईटर तथा जमानीकर्ता: सुदिर थापा** स्थायी ठेगाना : काभ्रे जिल्ला, बल्थली गा.वि.स. वडा नं. ८ हालको ठेगाना : तनहुँ जिल्ला, वन्दिपुर गा.पा. वडा नं. १ बाबु : सुकदेव थापा बाजे : नर बहादुर थापा	**२) सुना क्षेत्री** स्थायी ठेगाना : गोरखा जिल्ला, मिरकोट गा.प. वडा नं. १ हालको ठेगाना : तनहुँ जिल्ला, वन्दिपुर गा.पा. वडा नं. १ बाबु : राम बहादुर क्षेत्री ससुरा : नर बहादुर थापा पति : शुकदेव थापा

३) प्रदेश सरकार, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग विकास समिति गण्डकी प्रदेश, दमौली, तनहुँमा प्रा.फ.र.नं. ५४८१/०७५/०७६ स्थानीय व्यापार अन्तर्गत मिति २०७५/११/१२ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम दर्ता भएको तनहुँ जिल्ला, वन्दिपुर गा.पा. वडा नं. १ स्थित **मनकामना मोवाइल पसल**

प्रोप्राईटर तथा जमानीकर्ता: सुदन थापा
स्थायी ठेगाना : काभ्रे जिल्ला, बल्थली गा.वि.स. वडा नं. ८
हालको ठेगाना : तनहुँ जिल्ला, वन्दिपुर गा.पा. वडा नं. १
बाबु : सुकदेव थापा
बाजे : नर बहादुर थापा

धितोको विवरण

१) राम बहादुर क्षेत्रीको छोरी, नर बहादुर थापाकी बुहारी, शुकदेव थापाकी पत्नि, गोरखा जिल्ला, मिरकोट गा.प. वडा नं. १, स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, वन्दिपुर गा.पा. वडा नं. १ बस्ने सुना क्षेत्रीको नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता कायम रहेको तनहुँ जिल्ला, वन्दिपुर गा.वि.स. वडा नं. १ क, स्थित कित्ता नं. ७३१ को क्षेत्रफल ३-०-३-० (रोपनी)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चार्चिने सम्पूर्ण लिगालगापात समेत ।
२) एस टी मोबाइल सर्भिस सेन्टर र मनकामनाे मोवाइल पसलको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) सुना क्षेत्री	२) शुकदेव थापा	३) सुदन थापा	सुदिर थापा
स्थायी ठेगाना: गोरखा जिल्ला, मिरकोट गा.प. वडा नं. १ हालको ठेगाना : तनहुँ जिल्ला, वन्दिपुर गा.पा. वडा नं. १ बाबु : राम बहादुर क्षेत्री ससुरा : नर बहादुर थापा पति : शुकदेव थापा	स्थायी ठेगाना : काभ्रे जिल्ला, खोपासी गा.प. वडा नं. ५ हालको ठेगाना : तनहुँ जिल्ला, वन्दिपुर गा.पा. वडा नं. १ बाबु : नर बहादुर थापा बाजे : ठेक बहादुर थापा	स्थायी ठेगाना: काभ्रे जिल्ला, बल्थली गा.वि.स. वडा नं. ८ हालको ठेगाना : तनहुँ जिल्ला, वन्दिपुर गा.पा. वडा नं. १ बाबु : शुकदेव थापा बाजे : नर बहादुर थापा	स्थायी ठेगाना: काभ्रे जिल्ला, बल्थली गा.वि.स. वडा नं. ८ हालको ठेगाना : तनहुँ जिल्ला, वन्दिपुर गा.पा. वडा नं. १ बाबु : सुकदेव थापा बाजे : नर बहादुर थापा

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक

अर्थ पत्रिका

नयाँ पत्रिका
आइतबार १३ फागुन ०८०

‘बैंकहरूसँग करिब १८ खर्ब तरलता छ, प्रणालीमा समस्या छैन’

नयाँ पत्रिका



नेपाल बैंकर्स संघका अध्यक्ष तथा एनएमबि बैंकका प्रमुख कार्यकारी अधिकृत सुनील केसीले मुलुकको बैंक तथा वित्तीय क्षेत्र खतरामुक्त रहेको बताएका छन् । पछिल्लो समय बैंकिङ क्षेत्रबारे विभिन्न समूहले स्वार्थप्रेरित भ्रम फैलाउन थालेको भन्दै उनले यस्तो बताएका हुन् । बैंकहरूसँग सरकारी ऋणपत्रमा गरेको लगानीका साथै अनिवार्य नगद मौज्दात र वैधानिक तरलता अनुपातसमेत जोडेर १७-१८ खर्ब तरल सम्पत्ति रहेकाले कुनै पनि बैंकमा समस्या नरहेको अध्यक्ष केसीले प्रस्ट पारेका हुन् ।

नेपाल आर्थिक पत्रकार संघ (नाफिज)ले काभ्रेको बनेपामा आयोजना गरेको कार्यक्रममा बोल्दै अध्यक्ष केसीले बैंकहरूसँग पर्याप्त तरलता रहेको र निष्क्रिय कर्जा केही बढेको भए पनि सजिलै व्यवस्थापन गर्न सकिने अवस्थामा रहेको बताएका हुन् । ‘बैंकहरूले सरकारी ऋणपत्र र बन्डहरूमा साढे १२ खर्बभन्दा बढी लगानी गरेका छन् । सिआरआर र एसएलआरमा समेत गरेर कुल १७-१८ खर्ब तरल सम्पत्ति छ,’ उनले भने, ‘पछिल्लो समय बैंकहरू डुब्ने लागेको भन्दै केही व्यक्तिको भ्रामक अभिव्यक्तिले सर्वसाधारण निक्षेपकर्ता आत्तिएका छन् । तर, बैंकहरूसँग औसतमा निक्षेपको २८ प्रतिशतभन्दा धेरै खुद तरल सम्पत्ति रहेकाले कुनै पनि बैंकमा समस्या छैन,’ उनले भने ।

कार्यक्रममा राष्ट्र बैंकका कार्यकारी निर्देशक गुणाकर भट्टले बैंकिङ क्षेत्र संवेदनशील रहेकाले कसैले पनि स्वार्थप्रेरित भई प्रणालीमाथि प्रहार गर्न नहुने बताए । ‘अर्थतन्त्रका चारवटा क्षेत्रमध्ये बैंकिङ क्षेत्र एक हो । त्यसकारण बैंकिङ क्षेत्रमा समस्या आए त्यसले सम्पूर्ण अर्थतन्त्रमा नकारात्मक प्रभाव देखिन सक्नेतर्फ सबैजना सजग हुनुपर्छ,’ उनले भने ।

बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन)का अध्यक्षसमेत रहेका नबिल बैंकका अध्यक्ष उपेन्द्र पौड्यालले केही व्यक्ति र समूहले गरेको प्रहार निन्दनीय भएको बताए । ‘बैंकिङ क्षेत्र पारदर्शी छ । पारदर्शी रहेको बैंकिङ क्षेत्रलाई केही व्यक्ति र समूहले प्रहार गरिरहनु न्यायोचित हुँदैन,’ उनले भने, ‘दक्षिण एसियामा नेपालको बैंकिङ क्षेत्र सबल छ । वेला-वेलामा भूकम्प, नाकाबन्दी र कोभिडजस्ता समस्या आएका वेला पनि केन्द्रीय बैंकले विभिन्न सहजीकरण गरेर बैंकिङ क्षेत्र सबल अवस्थामै रहेको छ ।’

प्रमुख औद्योगिक करिडोरमा १४ घण्टासम्म विद्युत् कटौती

‘बिजुलीबाट मासिक ५० लाखसम्मको बिल उठ्ने गरेकोमा डिजेल प्रयोग गर्दा एक करोड पुग्यो’

बारामा **इन्दीप कोइराला**

मुलुकको प्रमुख औद्योगिक करिडोर वीरगन्ज-पथलैया क्षेत्रमा रहेका उद्योगले यतिवेला १४ घण्टासम्म विद्युत् कटौतीको मार खेपिरहेका छन् । यस औद्योगिक करिडोरमा फलाम, सिमेन्ट, जस्तापाता, कुखुराको दाना, खाद्यान्न, चकलेट, बिस्कुट, मदिरा, चुरोटलगायत साना-ठूला गरी हजारभन्दा बढी उद्योग सञ्चालनमा छन् ।

कोभिड र त्यसले सिर्जना गरेको आर्थिक बन्दीपछि बिस्तारै तंग्रिन थालेको औद्योगिक क्षेत्र यतिवेला विद्युत् आपूर्ति कटौतीका कारण धान्नै नसक्ने समस्याबाट गुज्रन थालेको जितपुर-सिमरा उपमहानगरपालिका वडा नम्बर ८ स्थित नेपाल सेरामिक इन्डस्ट्रिजका सञ्चालक शम्भुनाथ भाले बताए । ‘विद्युत् प्राधिकरणले अघोषित रूपमा लोडसेडिङ गर्दा हाम्रो उत्पादनको लागत बढेको छ र उद्योग पूर्ण रूपमा सञ्चालन गर्न नपाई बन्द गर्नुपर्ने स्थिति रहेको छ,’ उनले गुनासो गर्दै भने, ‘अहिले दैनिक १४ घण्टासम्म बिजुली आउँदैन । अघोषित लोडसेडिङ कति दिनसम्म चल्ने हो भन्नेबारे जानकारी पनि छैन ।’

नियमित बिजुलीको माग गर्दा प्राधिकरणका अधिकारीहरूले अहिले दिन नसकिने, बरु उद्योग बन्द गरेर राख्नु भन्ने जवाफ दिने गरेको उनले बताए । यस क्षेत्रका उद्योगले नियमित रूपले कम्तीमा बिहान पाँच घण्टा र बेलुका ६ घण्टा लोडसेडिङ खेपिरहेका छन् । लोडसेडिङकै कारण उद्योगहरूको घाटा दिन-प्रतिदिन घाटा बढिरहेको छ भने उत्पादन लागतसमेत थपिएको छ ।

औद्योगिक करिडोरमा रहेकामध्ये मध्यमस्तरको एउटा उद्योगले औसतमा नियमित विद्युत् आपूर्ति हुँदा मासिक ५० लाख रुपैयाँसम्मको बिजुली खपत गर्ने गरेका थिए । तर, जेनेरेटरको सहायतामा उत्पादन गर्नुपर्दा मासिक एक करोड रुपैयाँसम्मको डिजेल खपत हुने गरेको उद्योगीको भनाइ छ । जेनेरेटरको सहायतामा उद्योग चलाउँदा प्रतियुनिट ५० रुपैयाँभन्दा बढी लागत पर्न आउँछ । जबकि, विद्युत् प्रतियुनिट करिब १० रुपैयाँ छ । ‘यसरी प्रतियुनिट ४० रुपैयाँ महँगोमा वस्तु उत्पादन गर्दा लागत बढ्ने, तर लागत बढेअनुसार बजारमा उत्पादित वस्तुको मूल्य बढाउने अवस्था छैन,’ उद्योगी झाले भने । उनले अनियमित बिजुलीकै कारण अहिले डिजेलकै भरमा वस्तुहरू उत्पादन गरिरहनुपरेको बताए । ‘एकपटक प्लान्ट चलाएपछि बन्द गर्न मिल्दैन । उद्योग चल्दाचल्दै बीचमा बन्द गर्नु भनेको आधा खाना पकाउनुजस्तै हो,’ उनी भन्छन्, ‘भट्टीमा सामान बनिरहेको हुन्छ, बीचमा बन्द गर्दा त्यो सामान नै काम लाग्दैन ।’



जितपुर-सिमरा उपमहानगरपालिकामा सञ्चालित नेपाल सेरामिक इन्डस्ट्रिज

विद्युत् आपूर्ति नियमित गरिदिन प्राधिकरणसँगै विभिन्न निकाय धाउँदासमेत सुनुवाइ नभएको जितपुर-सिमरा नगर उद्योग वाणिज्य संघका अध्यक्ष मोहन शर्माले बताए । ‘देशको प्रमुख औद्योगिक नगरीमा विद्युत् नियमित गरेर उद्योगधन्दा र कलकारखाना राम्ररी सञ्चालन हुने वातावरण बनाइदिन प्रधानमन्त्री, मन्त्रीलगायत सबै निकायमा जानकारी गराए पनि समाधान हुन सकेको छैन,’ उनले भने । उद्योग स्थापना गरेर नागरिकलाई रोजगार दिएको र सरकारी राजस्वमा उच्च योगदान गर्दै आएको क्षेत्रको समस्या समाधानका लागि सरकारी निकायहरू उदासीन भएको उनको आरोप छ । चलिरहेको उद्योगमा एक्कासि बिजुली बन्द हुँदा उत्पादन भइरहेको सामान पूर्ण रूपले खराब हुने घटना बारम्बार भोगिरहेको उनले दुखेसो गरे ।

दुई सय २० मेगावाट माग
एक सय २० मेगावाट मात्रै आपूर्ति

विद्युत् प्राधिकरणको सिमरा वितरण केन्द्रका अनुसार अहिले यस वितरण क्षेत्रमा करिब दुई सय २० मेगावाट बिजुलीको माग छ, तर करिब एक सय २० मेगावाट मात्रै बिजुली आपूर्ति भइरहेको छ ।

सिमरा वितरण केन्द्रका प्रमुख रमेश रूपाखेतीले औद्योगिक क्षेत्रमा सबैलाई जानकारी दिएर बिजुली कटौती भइरहेको बताए । उनका अनुसार बिहान ६ बजेदेखि नौ बजेसम्म र साँझ पाँच बजेदेखि ८-९ बजेसम्म बिजुली कटौती हुन्छ । उद्योगीलाई त्यसको जानकारी गराइएको उनले बताए ।

ढल्केबर-हेटौंडा चार सय केभीको प्रसारणलाइन निर्माणाधीन भएको कारण त्यहाँबाट मागअनुसारको विद्युत् आउन नसकेको तथा भारतको रक्सौलबाट एक सय ३२ केभीभन्दा बढी बिजुली आयात गर्ने क्षमता नभएका कारण औद्योगिक क्षेत्रमा केही समय विद्युत् कटौती हुने गरेको रूपाखेतीको भनाइ छ ।

‘उद्योगीहरूले भनेझैं अघोषित वा घोषित कुनै रूपमा लोडसेडिङ गरिएको छैन । अहिले पिक समयमा विद्युत्को लोड अधिकतम प्रयोग भएका वेलामा केही समयभर मिलानका निम्ति विद्युत् कटौती भएको हो,’ उनले भने । प्राधिकरणले बिहान, साँझ र राति गरेर आठ घण्टा उद्योगलाई विद्युत् कटौती गर्ने गरेको जानकारी दिएको छ । ‘बिजुली अपुग भएपछि ठूलो उद्योगको पिक आवरको लोड काट्नुपरेको हो,’ रूपाखेतीले भने ।

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit ग्लोबल रेमिट

‘बिजुली कति वेला जान्छ, त्यसको कुनै टुंगो छैन’ उनले भने । प्राधिकरणले जानकारी दिएर बिजुली कटौती गरिदिए सबै उद्योगलाई सोही कार्यतालिकाअनुसार उत्पादनमा लाग्न सजिलो हुने उनको भनाइ छ ।

धितोपत्र सम्बन्धी ऐन, २०६३ र सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको

कुमारी सामूहिक लगानी कोष

अन्तर्गत सञ्चालन हुने

कुमारी सबल योजना
(Kumari Sabal Yojana)

(बन्दमुखी योजना)

इकाई सार्वजनिक निष्काशन तथा बिक्री बन्द बारेको सूचना

